अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३२ / २०८२ फागुन २९ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Mar. 13, 2026 / मूल्य रू. १०/-

## पुराना राजनीतिक दल र तिनको नेताहरू संकटमा

काठमाडौं । २०७९ मा भएको प्रतिनिधिसभाको निर्वाचनमा सबैभन्दा ठुलो दल बनेको नेपाली कांग्रेस २०८२ को निर्वाचनमा नराम्रोसाग पराजित भएको छ भने उसले प्रत्यक्ष तर्फको १ सय ६५ सिटमा १९ सिटमाट हात पारेको छ भने समानुपातिकतर्फ १८ सिट पाएको भएपनि उ कमजोर अवस्थामा देखिएको छ ।

नेपाली कांग्रेसका सभापति गगन थापा नै सर्लाही ४ बाट रास्वपाका उम्मेदवार, अमेरश सिंहसँग धेरै मतान्तरणले पराजित भएका छन् । थापा नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएका थिए भने सभापति रहेका शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनमा भाग लिएका थिएन ।


आफू सभापति भएपछि सभापति थापाले हामी बदलियौं, कांग्रेसले बदल्छौं देश भने नारा लिएर निर्वाचनमा गएका भएपनि

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# भाद्र २३ को घटनामा आवश्यक बस्तु ऐन २०१२ आकर्षित हुने

## तत्कालिन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकमाथि फौजदारी कसुर नलाग्ने?





**देवेन्द्र चुडाल**

काठमाडौं । गत भाद्र २३ र २४ गते भएको विध्वसात्मक घटनाका दोषीमाथि काबराहीको सिफारिस गर्न गठन गरिएको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले प्रधानमन्त्री सुशिला कार्कीलाई आफ्नो प्रतिवेदन फागुन २४ गते बुझाएको छ । प्रतिवेदन सरकारलाई बुझाएपनि आयोगले कसैलाई कानुनी कारबाही गर्न सक्ने आधार देखाउन सकेको छैन ।

सो प्रतिवेदनमा उल्लेख गरिएका कतिपय विषयहरु हावादारी रहको छन् भने भाद्र २४ गतेको विध्वसात्मक घटनाको अनुसन्धान हुनुपर्ने आयोगले ठहर गरेको छ । तर उसले तत्कालिन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, तत्कालीन प्रहरी महानिरीाक चन्द्र कुवेर खापुङ र तत्कालिन काठमाडौ जिल्ला प्रशासन कार्यालया प्रमुख जिल्ला अधिकारी छविराज रिजाललाई फौजदारी कसुर गरेकोमा मुद्दा चलाउनु पर्ने ठहर गरेको छ ।

कार्की आयोगले पाएको म्याण्डेट अनुसार भाद्र २३ र २४ गतेका घटनाको जाँचबुझ गरी प्रतिवेदन सरकारलाई बुझाउने थियो । तर कार्की आयोगले भाद्र २४ गतेको विध्वसात्मक घटनाको विस्तृत जाँचबुझ नै नगरि प्रतिवेदन सरकारलाई बुझाएको छ ।

सो प्रतिवेदनमाथि विभिन्न पक्षबाट आ आफ्नै तर्क वितर्क दिइरहेका छन् । वरिष्ठ अधिवक्ता समेत रहेका फौजदारी कानुनका ज्ञाता समेत रहेका सतिशकृष्ण खरलले भने आयोगको प्रवितेदनका आधारमा कसैलाई कारबाही गर्न नमिल्ने भएकाले थप अनुसन्धान हुनुपर्ने बताएका छन् भने जुनसुकै आयोगको प्रतिवेदन सरकारका लागि प्रथम सूचना मात्र हुने र सो प्रतिवेदनलाई प्रथम सूचना मानेर यसको सत्यतथ्य अनुसन्धान नभएसम्म कसैलाई पनि फौजदारी करार गरेर कारबाही गर्न नमिल्ने बताएका छन् । सो प्रतिवेदनलाई लिएर सरकारले प्रहरीमार्फत अनुसन्धान गराउन सक्छ । प्रहरीले गरेको अनुसन्धान र महान्यायाधिवक्ताका

>>> बाँकी ८ पेजमा

## मधेशवादी दलहरूको प्रतिनिधित्व प्रतिनिधिसभामा शुन्य

काठमाडौं । २०४८ सालको निर्वाचनमा गजेन्द्र नारायण सिंहले आफ्नै नेतृत्वमा मधेशका मुद्दा बोक्ने भन्दै नेपाल सद्भावना पार्टी गठन गरेका थिए । त्यसबेला मधेशका मुद्दा बोक्ने पार्टीको रूपमा स्थापित हुँदै पहिलो पटक संसदमा प्रवेश गरेको थियो । त्यसबेला ६ सिट जितेर सद्भावना पार्टीले राष्ट्रिय मान्यता पाएको थियो । त्यस अघि पनि मधेशका मुद्दा उठाएर जन्मिएको तराई कांग्रेसले १ सिट पनि जित्न सकेको थिएन । त्यसको ३० वर्षपछि संसदमा प्रवेश गरेर मधेशका मुद्दा उठाउने राजनीतिक दलहरु अहिले ३४ वर्षपछि बढारिन पुगेका छन् ।

२०६३ माघमा भएको मधेश विद्राहेको नेतृत्व गरी उपेन्द्र

>>> बाँकी ८ पेजमा

## रास्वपाको अग्नी परीक्षा सुरू?

काठमाडौं । २०७९ को निर्वाचन भन्दा करिब ५ महिना अघिमात्र रास्वपाको स्थापना भएको थियो । बैकल्पिक राजनीतिक शक्तिका रूपमाम उदाएको यो पार्टीमाथि छोटो अवधिमै बढेको जनलहरको मुख्य कारण भनेको पछिल्लो समयमा काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साहको रास्वपा प्रवेश र उनीप्रति नागरिकको बढ्दो अपेक्षा नै देखिन्छ ।

फागुन २१ गते सम्पन्न भएको निर्वाचनले लामो समयदेखि राजनीतिक केन्द्रमा रहेका पुराना भनिएका दलहरूलाई ठुलो धक्का लागेको छ । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा सहित मधेशवादी दलहरु यस निर्वाचनबाट जनविश्वास गुमाउँदै नराम्ररी खुम्चिन पुगेका छन् । वर्तमान मिश्रित निर्वाचन प्रणालीको कारण एउटै

>>> बाँकी ८ पेजमा

## गलत कदम उठाएको खण्डमा त्यो प्रतित्पादक हुन सक्छ

काठमाडौं । अबको १०/१५ दिनभित्र रास्वपा नेतृत्वको सरकार गठन हुने निश्चित रहेको छ । फागुन २१ गते भएको निर्वाचनमा रास्वपाले ऐतिहासिक सफलता पाएको छ । अहिलेको संविधान अनुसार कुनैपनि दलले एक्लै बहुमत ल्याउन नसक्ने ठोकुवा गर्दै आएका विज्ञरू र कानुन विद्हरूको भनाईलाई रास्वपाले हावा खुवाईदिएको छ ।

रास्वपाले प्रत्यक्षतर्फको १ सय ६५ सिटमध्ये १ सय २५ सिटमा जित हाँसिल गरेको छ भने समानुपातिकतर्फको १ सय १० सिट मध्येको ५८ सिट उसले जितेर एकलौटी सरकार बनाउने निश्चित भएको छ ।

पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र पटक पटक आफ्नो पार्टीको नाम परिवर्तन गर्दै आएका पुष्पकमल दाहालको नेतृत्वमा गठन गरिएको नेपाली कम्युनिष्ट पार्टी समेत नराम्रोसँग पराजित भएको छ । दाहालले करिब २० वटा पार्टीलाई नेपाली कम्युनिष्ट पार्टीमा विलय गराएर निर्वाचनमा गएका थिए । दाहाल नेपाली कम्युनिष्ट पार्टीको संयोजक रहेका थिए भने माधव नेपालले नेतृत्व गरेको एकीकृत समाजवादी पार्टीलाई समेत नेपाली कम्युनिष्ट पार्टीमा विलय गराएर माधव नेपाललाई सह संयोजन बनाइएका थिए ।

माधव नेपाल निर्वाचनमा रौतहटबाट पराजित भएका छन् भने दाहालले रूकुम

>>> बाँकी ८ पेजमा

## रवि-बालेनको अग्नि परीक्षा सुरु



काठमाडौं । यहि फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाका वरिष्ठ नेता एवं तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहको जादु चलेको छ । रास्वपाले एकल बहुमत मात्र ल्याएको छैन भने उसले झण्डै दुई तिहाई मत समेत प्राप्त गरेको छ । पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र २० वटा दल मिलेर पुष्पकमल दाहालले गठन गरेको नेपाली कम्युनिष्ट पार्टीको नरामो पराजय भएको छ । संसदमा उनीहरूको संख्या निकै कमजोर रहेको छ ।

नेपाली कांग्रेसका सभापति गगन थापा र नेकपा एमालेका अध्यक्ष केपी ओलीले समेत यस पटक पराजय भोग्नु परेको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई विस्थापित गरेर कांग्रेसको विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापालाई पहिलो गासमै ढुँगा लागेको छ ।

थापाले कांग्रेस सुधिएको भन्दै आएको भएपनि २०७९ को निर्वाचनमा पहिलो पार्टी बनेको नेपाली कांग्रेस संसदमा दोस्रो ठुलो पार्टी बनेपनि सांसदको उपस्थिति निकै कमजोर रहेको छ भने त्यसबेला दोस्रो ठुलो दल बनेको नेकपा एमाले तेस्रो दलमा झरेको छ भने उसको उपस्थिति समेत कमजोर रहेकाले र रास्वापाको एक्लै बहुमत रहेकाले गर्दा अब बालेन साहकै नेतृत्वमा सरकार गठन हुने निश्चित जस्तै रहेको छ ।

>>> बाँकी ८ पेजमा

# कार्की आयोगको प्रतिवेदनमाथि नै प्रश्न ?



काठमाडौं । भाद्र २३ र २४ गते भएको विध्वसात्मक घटनाको छानविन गर्न गठित जाँचबुझ आयोगले फागुन २४ गते आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशिला कार्कीलाई बुझाएको छ । आयोगले तत्कालिन प्रधानमन्त्री, गृहमन्त्रीसहितका उच्च पदस्थ माथि अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ । आयोगले नेपाल प्रहरीका तत्कालिन महानिरीक्षक चन्द्रकुवेर खापुङ, काठमाडौ जिल्ला प्रशासनका सिडियो छविराज रिजालमाथि फौजदारी कसुरमा अनुसन्धान गर्न सिफारिस गरेको छ ।

गौरीबहादुर कार्की नेतृत्वको आयोगले आफूले पाएको म्याण्डेटलाई वेवास्ता गर्दै भाद्र २३ गतेको घटनाको मात्र छानविन गरी भाद्र २४ गतेको विध्वसात्मक घटनामा सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत मुलुकभरमै भएका आगजनी र तोडफोड, लुटपाट लगायतको कुनै अनुसन्धान नै नगरी भाद्र २३ को घटनालाई मात्र हेरेर तत्कालिन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङमाथि अनुसन्धान गर्न सिफारिस गरेको छ । भाद्र २४ गते काठमाडौ उपत्यका लगायत मुलुकभरमै आगजनी हुनु र भाटभटेनी लगायतका धेरै व्यवसायिक भवन, होटल र राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवासमा आगजनी हुनु सामान्य विषय थिएन । गत भाद्र २३

>>> बाँकी ८ पेजमा

## समानुपातिकमा कुन दलले कति मत पाए ?

काठमाडौं । प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक तर्फको मतगणना पनि सकिएको छ । प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १६५ क्षेत्रकै नतिजा मंगलबार नै सार्वजनिक भएको थियो । समानुपातिकतर्फका ११० सिटका लागि पनि मतगणना सकिएको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए । निर्वाचन आयोगका अनुसार, समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८९८ मत खसेको छ । त्यसमध्ये एक करोड ८ लाख ३० हजार ८१५ मत सदर भएको सूचना अधिकारी घिमिरेले बताए ।

समानुपातिकतर्फ ४ लाख ५० हजार ८३ मत बदर भएका छन् । करिब ४ प्रतिशत मत बदर भएको देखिएको छ । सदर भएका मतमध्ये सबैभन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ५१ लाख ८१ हजार ३३० मत पाएको छ । यो

>>> बाँकी ८ पेजमा

# Trump: A bull in the China shop

**Malik Muhammad Ashraf**

History is witness to the fact that powerful nations inebriated by their military might, have invariably tried to dominate the world and impose their own values and perceptions on smaller nations who have no other choice than to accept their bullying and acquiesce to all their illegitimate and inhuman activities. To put it in a nutshell, Might is Right.

It has been right throughout human history and it would continue to be right till the day of resurrection. Issues and conflicts have been resolved through military might. There could not have been a greater proof of might being right than the military assault on Iran by Israel with full support of the USA while the rest of the world seems helpless in stopping it or having no choice other than endorsing the action which is an unprecedented violation of the UN Charter and also betrays all the known and acknowledged humanitarian values.

Although almost all US Presidents have pursued a policy to dominate the world and used all overt and covert machinations to fashion the world according to their own perceptions using military might, but none has been as reckless and unreasonable as President Trump. He is acting like a bull in a china shop, hell bent on settling issues through military might in blatant defiance of the UN Charter and lack of respect for human lives that are lost in pursuance of his self-defined objectives. There is absolutely no justification for what Israel and the USA did in Gaza and the two attacks that they have launched on Iran, particularly the now ongoing assault in which they have killed top leadership of Iran besides continuing bombardment of military and civilian targets.

Trump is trying to justify the attack on Iran with the objective that it was meant to secure the lives of Americans from the threat that Iran posed, complete destruction of nuclear capability of Iran and liberating people of Iran from clutches of the oppressive regime.

I am afraid he is lying to his own people and the entire world. Iran has never been a threat to the USA, as it was mainly focused on the Middle East with a clear-cut objective of stopping Israeli oppression on the Palestinians. Trump is actually strengthening the Israeli state in pursuing its sinister designs of occupying the Palestinian lands permanently and perhaps also enabling her to expand further as has been indicated by the US Ambassador in Tel Aviv.

As far as his second stated objective is concerned, if the nuclear prowess being achieved by Iran was a threat to them then how come the nuclear capability of Israel and the USA was not a threat to the peace of the world? The reality is they want to maintain their position of nuclear blackmail and use it for arm-twisting of other nations.

The third objective regarding change of regime is the most preposterous proposition. How can the USA, or for that matter any other power, decide to change a regime in another country or incite its people to rebel against the incumbent government? Does the UN Charter allow or endorse any such action? In fact Trump does not give a hoot for the UN Charter, UN resolutions, international law, international treaties or anything he considers inimical to his designs. He has made the UN redundant by his actions and turned topsy-turvy the international order.

The fear is that as the war rolls on there will be tremendous overt and covert pressure on countries of the region including Pakistan to take sides. Keeping out of this conflict would be a great test for them. Pakistan has played the role of a bridge in lessening hostilities in the Middle East and currently is regarded as a credible partner for the sake of peace. Its relations with the USA are also at the best ever level. It must use this position to facilitate a negotiated solution to the conflict between Iran and US-Israel maintaining a balanced foreign policy.

Where are the nations and their leaders who cry themselves hoarse from convenient roof-tops to announce their humanitarian credentials, adherence to UN Charter and abhorrence against foisting unjustified wars? The fact is that no country whose commercial and strategic interests are linked to the USA would dare to jeopardize them and will perforce have to go along with it, as is already evident from the reaction of the European nations.




The reality is that powerful nations and their allies do not manage international relations on the basis of principles enshrined in the UN Charter. Their policies and actions are invariably dictated by their self-defined interests. Diplomacy is actually an ultimate hypocrisy to cover up their indiscretions and give legitimacy to their inhuman actions. It is only the small and weak nations who always seem to justify their foreign policies on the basis of principles of the UN Charter and abide by international laws. Diplomacy depends on the worth of a nation reflected through its economic and military prowess.

Nevertheless, in my considered view, the USA and Israel have committed a great blunder by starting the war against Iran which has the potential to destabilize the entire region. Iran will prove to be a hard nut to crack.

The USA and Israe; will not emerge unscathed from this conflict. The killing of Ayatollah Khamenei and other Iranian leaders has already triggered strong protests in the Muslim countries, including Pakistan. Millions of Iranians gathered in Tehran to express their resentment against these killings and express solidarity with the government which means that they have readily rejected the proposition to the suggested take-over of the government.

Contrary to the estimates of USA and Israel, Iran has unleashed attacks on US bases in the Middle Eastern countries and is hitting the Israeli capital, reiterating its resolve to defy aggression and protect the integrity of the country. Muslim countries including Pakistan have condemned the killing of Iranian leaders and unprovoked attack on Iran which is likely to produce negative fallout as far as US relations with them are concerned because they will be under tremendous pressure from their public to keep expressing solidarity with Iran and showing dissent to the US-Israeli assault on Iran.

Ultimately it could undermine US strategic interests in the region and beyond. The continuation of this war is also likely to have debilitating impact on the world economy, particularly the nations that entirely depend on imported energy to run their industrial machines and fulfilling household needs. They might also have to navigate sectarian fault lines at home as well, a glimpse of which we have witnessed in Karachi, Lahore and Gilgit-Baltistan.

The fear is that as the war rolls on there will be tremendous overt and covert pressure on countries of the region including Pakistan to take sides. Keeping out of this conflict would be a great test for them. Pakistan has played the role of a bridge in lessening hostilities in the Middle East and currently is regarded as a credible partner for the sake of peace. Its relations with the USA are also at the best ever level. It must use this position to facilitate a negotiated solution to the conflict between Iran and US-Israel maintaining a balanced foreign policy.

# साढे सात महिनामा बैंकहरूले लिए ३२८ खर्ब निक्षेप सुविधा


काठमाडौं । बैंक तथा वित्तीय संस्थाहरूले चालू आर्थिक वर्षको फागुन १९ गतेसम्म नेपाल राष्ट्र बैंकबाट ३२८ खर्ब ७८ अर्ब ९५ करोड रुपैयाँबराबरको निक्षेप सुविधा लिएका छन् । राष्ट्र बैंकबाट प्राप्त फागुन १९ गतेसम्मको तथ्यांकले यस्तो देखाएको हो । १५० पटक गरेर बैंकहरूले सोबराबरको निक्षेप सुविधा लिएका हुन् ।

बैंकहरूले राष्ट्र बैंकमा निश्चित अवधिका लागि निक्षेप राख्ने र निकाल्ने गरेर सोबराबरको निक्षेप सुविधा लिएका हुन् । त्यसमा बैंकहरूले ३२० खर्ब १८ अर्ब ९५ करोड रुपैयाँ फिर्ता लगेका छन् । अहिले केन्द्रीय बैंकमा आठ खर्ब ६० अर्ब रुपैयाँ निक्षेप मौज्दात छ । निक्षेप अवधि सकिएपछि ब्याजसहित त्यो रकम फिर्ता हुनेछ । त्यसपछि बैंकहरूले पुनः निक्षेप सुविधा लिन सक्नेछन् । यो नियमित चक्र हो ।


तथ्यांकअनुसार ऋणपत्रमार्फत बैंकहरूले दुई खर्बबराबरको निक्षेप सुविधा लिएका छन् । राष्ट्र बैंकले गत पुसमा नौपटक गरेर दुई खर्बको ऋण बिक्री गर्ने प्रस्ताव गरेको थियो, जुन बैंकहरूले सबै किनेका छन् । एक वर्षको अवधि रहेको उक्त ऋणपत्रअन्तर्गतको रकम अर्को वर्ष पुसमा ब्याजसहित फिर्ता हुनेछ ।

यसैगरी, निक्षेप संकलन विधिबाट १९ खर्ब १६ अर्ब ६० करोडबराबरको निक्षेप सुविधा लिएको छ । यसमा राष्ट्र बैंकले ५२ पटक गरेर २३ खर्ब १० अर्ब निक्षेप तान्ने गरी प्रस्ताव आह्वान गरेकोमा सोबराबरको कारोबार भएको हो । यसअन्तर्गत राष्ट्र बैंकमा ६ खर्ब ६० अर्ब रकम मौज्दात छ । तोकिएको निक्षेप अवधि सकिएपछि बैंकहरूले ब्याजसहित उक्त रकम फिर्ता पाउनेछन् । यस्तै, स्थायी निक्षेप सुविधा (एसडिएफ)अन्तर्गत ३०७ खर्ब ६२ अर्ब ३५ करोडबराबरको निक्षेप सुविधा बैंकहरूले लिएका छन् । त्यसअन्तर्गत बैंकहरूले सबै रकम फिर्ता लगिसकेका छन् । आगामी दिनमा यसअन्तर्गत बैंकहरु पुनः निक्षेप सुविधा लिन पाउनेछन् ।

एसडिएफमा तोकिदिएको मापदण्ड र दिनमा बैंकहरूले निक्षेप राख्न प्रस्ताव गरेमा राष्ट्र बैंकले अस्वीकार गर्न पाउँदैनन् । यसमा राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो सीमा अर्थात् २.७५ प्रतिशत ब्याज दिनुपर्छ । बैंकहरूले हप्तामा तीनपटक अर्थात् प्रत्येक आइतबार, मंगलबार र बिहीबार यस्तो सुविधा पाउनेछन् । आइतबार जम्मा भएको पैसा मंगलबार, मंगलबार जम्मा भएको निक्षेप बिहीबार र बिहीबार जम्मा भएको रकम आइतबार ब्याजसहित पाइन्छ । पछिल्लो समय कर्जाको माग न्यून हुँदा बैंकहरूमा लगानीयोग्य पैसा थुप्रिएको छ ।



# नयाँ पुस्ताले गर्छु भनेका छन्, गरेर देखाउ



• राजन कार्की
rajan2012karki@yahoo.com

पुरानाले सकेनन्, पुराना भ्रष्ट भए, पुराना परिवारवादी भए भनेर कोकोहोलो मच्चाएको धेरै भयो । यही कोकोहोलोको वीचमा भदौ २३ र २४ को जेनजी आन्दोलन, विद्रोह भयो । जसजसको कमी कमजोरी, प्रायोजन वा घूसपैठबाट भएको भए पनि बहुदलपछिको ३७ वर्ष र लोकतन्त्रपछिको १७ वर्षमा पुराना पार्टीका कमीकमजोरीमा जनता असन्तुष्ट थिए, आक्रोसित थिए । भ्रष्टाचार अनैतिकताका अनेक घटनाक्रमले जनतालाई बिद्रोही बनाएकै थियो । परिणाम फागुन २१ को चुनावमा बुढोपुरानो पुस्तालाई जनताले थचारिदिएका छन् ।

पुरानो पुस्ता ५ वर्षका लागि थन्किनु भनेको हरेक पार्टीमा नयाँ पुस्ता अगाडि आउने ढोका खुल्नु हो । पुरानो पात झऱ्यो, नयाँ पलाउनु पर्छ । जो सरकारमा गए पनि प्रतिषोध साध्ने छुट छैन । राम्रो गर्नका लागि नयाँ पुस्तालाई जनादेश प्राप्त भएकाले तिनले भ्रष्टाचारलाई न्यूनिकरण गर्नुछ, सुशासन पनि ल्याउनुछ । शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जनामा बेग हान्नु छ । हान्न सकेनन् भने यिनीहरु पनि पन्छिने दिन आउनेछ । जनताको भरोसामा सुन देखिएका छन्, सुन सावित हुन् । पित्तल भन्नु नपरोस् ।

०४६ सालमा बहुदल पुनर्स्थापना भएपछिका ३७ वर्षमा के थिएन कांग्रेस, एमाले, माओवादीसँग ? सत्ता थियो, पार्टी थियो, संगठन थियो, संसदमा तिनै थिए । ३७ वर्षदेखि रजगज गरेकै हो । जनताको आवाज नसुन्दा, जनताको माग संवोधन नगर्दा भदौ २३ र २४ को घटना घट् नपुग्यो । राजनीतिक पुँजी थियो, खरानी भयो । राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य नगर्दा ओल्लो तीर न पल्लो किनार हुनपुगे । जुन गल्ती पुरानाले गरे, नयाँले त्यो गल्ती नदोहोऱ्याउन् ।

कमजोरी भएकै हो । राजनीतिमा विवेक हुनुपर्छ । विवेक मरेकै हो । विवेकहीन हुँदा जसरी महाभारतमा दुर्योधन र धृतराष्ट्रको दुर्गति भएथ्यो, नेपाली राजनीतिक बादशाहहरूको त्यही चाल भयो । नयाँ आएकाले बादशाह बन्न नखोजुन् ।

राजनीतिक द्वन्द्व किनारा लगाउन नसक्दा, त्यो पाटोतिर पार्टी र नेताहरूको बुद्धि नपुऱ्याउँदा, अहंकारी बन्दा, निषेध, विभेद र प्रतिषोधकारी हुँदा ठूलापार्टीलाई राजनीतिक सन्निपात लाग्यो । बुढा पुराना पार्टीनेताहरूले राजनीतिक असफलताको सन्यासोमा च्यापिए ।

अब ठूला भनिएका नेता र पार्टीहरूलाई खरानीबाट उठ्नुछ । समय छैन, तिनीहरु कसरी उठ्लान् र ? नयाँ आएकाले ५ वर्षको जनादेश पाएका छन् । ती फूट्न गए, असफल भए भने सम्हाल्न पुरानै दलहरु अग्रसर हुनेछन् । पुराना पार्टीभित्रका नयाँ पुस्ताले नाङ्गेझार बनेको पार्टीलाई जगाउनु छ, जोगाउनु छ । ५ वर्षको परिश्रमपछिको परीक्षामा उतार्ने तैयारी अहिलेदेखि नै सुरू गर्दा राम्रो । बिगतमा दुई तिहाइका पार्टी पनि फुटेका छन्, मध्यावधि भएको छ ।

हुन त मति बिग्रेको २०४६ सालको बहुदलको पुनर्स्थापनादेखि नै हो । बहुदललाई भ्रष्टाचारको कालरात्रि कसले बनायो ? २०५१ साल फागुन १ गतेदेखि १० वर्षे जनयुद्धकालमा जे भेट्यो त्यही तिम्रो भनेर कसले सपना देखायो ? सर्वहारालाई सम्पन्नताको सपना देखाएर कसले माओवादलाई आफ्नै प्रगतिका लागि हतियार बनायो ? प्रजातन्त्रवाद र माओवादलाई कसले परित्याग गऱ्यो ? प्रजातन्त्र भनेको नीति, सिद्धान्त, नैतिकता त्यागेर जसरी पनि सत्तामा पुग्नु र लुट्नुमात्रै हो भनेर कसले प्रमाणित गऱ्यो ? लोकतन्त्रको दुरूपयोग गरेर राष्ट्रिय सम्पत्तिमा भ्रष्टाचार गर्नु र राजनीतिलाई अपराधीकरण कसले गऱ्यो ? जनताको थाप्लोमा अन्याय थोपरेर न्यायलाई किनबेचको विषय कसले बनायो ? यी अनेक प्रश्नको उत्तर माग्दा माग्दै कसले जेनजी पुस्तामाथि राज्यदमन गऱ्यो, गोली हानेर बालबालिका माऱ्यो ? यी तमाम आक्रोशपूर्ण प्रश्नको जवाफ हो फागुन २१ को निर्वाचन परिणाम ।

यतिबेला २०४६ सालदेखि ३७ वर्ष शासन गरेका दलपतिहरूको अपराधिक राजनीतिलाई जेनजीको आँधीले बढारिदियो । दलपतिहरु रून्चे मुख लगाएर कुनापसेका छन् । बौरिने र जिवन्त हुने प्रयासमा छन् ।

चुनावी परिणाम आश्चर्यजनक आयो । जुन परिणाम आएको छ, एउटा पनि नेताले धाँधली भयो भनेनन्, यो आश्चर्य हो । चुनावका बेलामा एउटा पनि हिंसा भएन, यो अर्को सुखद समाचार भयो । हो, ठूला दल र नेताहरूको नियति बिग्रेकी भाउजुको जस्तै देखिन्छ यतिबेला । ठूला दलहरु भात खाउँ कि थाल खाउँको स्थितिमा पुगेका छन् । हाँसको बथानमा बकुल्लो बनेका छन् ३७ वर्षे शासक टोली । अब बुद्धि आयो होला तर ढिला आयो ।

प्रमाणित भयो, जनताले चाहे नहुने के रहेछ ? यो संविधानलाई दोष दिनेहरूले रास्वपाको प्रचण्ड बहुमत देखे । आगामी ५ वर्ष यिनले देख्छन् । रास्वपा परिवर्तनको बाहक बनेको छ । सुशासनको प्रत्याभूति र भ्रष्टाचारीमाथिको दण्ड बनेर उदाएको छ । जनादेश छ, यो दलले ठूला ठूला निर्णय गर्नसक्छ, गर्छ । यसकारण पराजीत दलहरूतिर हेरेर आम नागरिक भनिरहेका छन्– हिस्स बुढी खिस्स दाँत ।

आलोपालो सत्तामा, सत्ताको सेटिङ, भ्रष्टाचारमा भाग शान्ति जयनेपाल, नियुक्तीमा व्यभिचार सबै सकियो । ठूला दलका भ्रष्टाचार गर्ने सटर बन्द भए ।

जनता जागेपछि ३७ वर्ष शासन गरेका शक्तिशाली नेता र पार्टीहरु भिजेको परालखुट्टे बने, न टेक्न सक्छन्, न उभिन । यिनीहरु उभिएको राजनीतिक जमिन भासिएको छ । फागुन २१ को पहिरोले ठूला पार्टीले मच्चाएका भ्रष्टाचारका अनेक नालीहरु देखिन थालेका छन् । त्यसमाथि भदौ २३ र २४ को जाँचबुझ आयोगले फौजदारी अभियोग नै लगाउन सिफारिस गरेपछि दमनकारी जेलमा, भ्रष्टाचारी नेलमा पर्ने दिन धेरै टाढा देखिदैन । भ्रष्टाचार र अपराधीकरण छिमोल्ने प्रकृया सुरू भइसक्यो । अब आउँछ सुद्धिकरणको अर्को आँधी । त्यतिबेला के होला, के नहोला ?

कांग्रेसका शेरबहादुर देउवा आफूलाई राजनीति शेर नै ठान्थे, एमालेका अध्यक्ष केपी ओली आफूलाई राजनीतिक पण्डितजस्तो देखाउँथे, जंगल र जनयुद्धबाट राजनीतिमा उत्रेका प्रचण्ड आफूलाई मिसाइलम्यान, डाइनामिक लिडर, म्याजिक पर्सन प्रमाणित गर्थे, यी तिनै नेता फागुन २१ को चुनावी नतिजा हेर्दा कसरी गलेर, कुहिएर फतफती झरे ? अन्तिम निर्णायक त जनता नै रहेछन् भन्ने प्रमाणित भयो । मैमत्ता न कलकत्ता हुँदा कसरी नोज डाइभ गर्नुपर्ने रहेछ । राजनीतिका नमकहराम सुखी ठान्नेहरूहरु कसरी एकाएक दु:खी आत्मा बन्न पुगे ?

अचम्म त के छ भने पुराना दलले न राजनीतिमा सहमति गर्न तम्सिए, न तिनले के के उपलब्धि गरे भनेर भन्न सक्ने स्थिति रह्यो । जब तिनको बालुवाको भ्रष्ट महल ढल्यो, अब तिनले पुर्पुरोमा हात राखेर फुर्सदले पछुताउनेबाहेक अर्को बिकल्प रहेन ।

देश के हो, देश नहुने वा देश गुमेका सिक्किमेहरूलाई सोध्नुपर्छ । दलाई लामा देश देश भनेर मर्ने स्थितिमा पुगिसके । म मर्नुपर्छ भन्ने बिर्सेर अमर हुनुभन्दा घृणा बचत गर्नेहरु आज जनताको घृणापात्र बनेका छन् । कुनै पनि नेतालाई जनताले यो काम राम्रो गरे भनेको सुनिएन ।

लोकतान्त्रिक गणतन्त्र भनेर नथाक्ने र त्यसैको आवरणमा भ्रष्टाचार र अपराधको जंगली शासन चलाउनेहरु ब्यूँझिन त निन्द्राबाट ब्यूँझिए तर अबेर भइसक्यो । भुइचालो गइसक्यो । बिपत्तिले घेरिसक्यो । तथापि भविष्यको राजनीतिका लागि यो शिक्षा बनेको छ ।

राष्ट्रले आफ्ना लागि रास्वपाको ५ वर्षे शासन चुनेका छन् । रास्वपाले अभिभावक छान्नुछ, सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गर्नुछ । युवाहरूलाई यही देशमा गरिखान सकिन्छ भन्ने विश्वास जगाउनुछ, उत्साह र उत्प्रेरणा दिनुछ । रवि लामिछाने र बालेन साहले मेचीदेखि महाकालीसम्मका जनतालाई विश्वास दिलाएका छन्, जनता अब केही हुन्छ, इमानका साथ सुशासन ल्याउँछन् भन्ने भरोसा दिएका छन् । आउने एक एक दिनमा नयाँपुस्ताको इमान र जिम्मेवारी देखिनुपर्नेछ । देखियोस्, राजनीतिले कोल्टे फेरेको छ, उज्यालो ल्याओस्, शुभकामना ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# नसोचेको निर्वाचन परिणमपछि रास्वपा उत्साहित

*गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते नै भएको विध्वसात्मक घटना पछि तत्कालिन केपी ओली नेतृत्वको संयुक्त सरकार ढल्यो। भाद्र २४ गते २३ गते विद्यार्थीमाथि गोली प्रहार भएको भन्दै आन्दोलनकारीहरूले सिंहदबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास सहित मुलुकभरकै सरकारी कार्यालय र राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवासमा आगजनी गरियो। आगजनी हुनुभन्दा पहिला नै तत्कालिन प्रधानमन्त्री केपी ओलीले पदबाट राजिनामा दिईसकेका थिए। तर आन्दोलनकारीहरू आगजनी र तोडफोड गर्न रोकिएनन्। उनीहरूले सहकारी ठगी प्रकरणमा अदालतको आदेश अनुसार नख्खु कारागारमा रहेका रवि लामिछानेलाई जेलमुक्त गरे। लामिछानेलाई जेलमुक्त गरेपछि काठमाडौ उपत्यका सहितका मुलुक भरमै रहेका जेलहरूबाट करिब १५ हजार भन्दा बढी कैदीबन्दीहरू भागे वा भगाइए भने प्रहरीका हतियार र गोलीसमेत लुटपाट भयो।*

*भाद्र २७ गते मध्यरातमा राष्ट्रपतिले सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई मध्यरातमा प्रधानमन्त्रीमा नियुक्त रे भने सोही रातमै प्रधानमनत्रीको सपथ ग्रहण गराइयो। सपथ ग्रहणपछि तत्कालै बसेको मन्त्रिपरिषद्को बैठकले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने र तत्कालिन जिवित रहेको प्रतिनिधिसभा विघटन गर्ने निर्णय गरि राष्ट्रपतिलाई सिफारिस गरियो। सोही सिफारिसका आधारमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेको उद्घोष भयो। प्रधानमन्त्री नियुक्ति र संसद विघटन यी सबै कार्य असम्वैधानिक रहेका थिए। नेपालले संविधान अनुसार संसदले आफैं निर्णय गरेर मात्र संसद विघटन हुन सक्छ। प्रधानमन्त्री कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा संसद जिवितै थियो। संसद जिवितै रहेको अवस्थामा संसद बाहिरका व्यक्तिलाई प्रधानमन्त्री बनाउन सकिने अवस्था सविधानमा कतिकतै उल्लेख रहेको छैन। त्यस विषयमा सर्बोच्च अदालतमा मुद्दा परेपनि सर्बोच्च अदालतको सम्वैधानिक इजलासमा आजसम्म कुनै निर्णय नगरेको र संसदको निर्वाचन समेत भैसकेको अवस्थामा अब सर्बोच्च जस्तो निर्णय दिएपनि त्यसको कुनै अर्थ रहँदैन। सर्बोच्च अदालतले महत्वपूर्ण विषयमा तत्काल निर्णय दिन नसक्नुले जनतामा न्यायालयप्रति अविश्वास बढ्दै गएको छ।*

*फागुन २१ गते भएको निर्वाचनमा प्राय: सबै दलहरू र नयाँ केही दलहरूले सहभागिता जनाएका भएपनि संसदमा पुग्ने दलहरूमा आफूलाई नयाँ दलको घोषणा गर्ने तर २०७९ मै गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी सबै भन्दा ठुलो पार्टी बनेको छ भने पुराना दलहरू नेपाली कांग्रेस, नेकपा एमाले लगायत विभिन्न २० वटा दलहरू मिलेर पुष्पकमल दाहालको संयोजकत्वमा गठन भएको नेपाली कम्युनिष्ट पार्टी नग्य रुपमा संसदनमा उपस्थित हुने निश्चित भएको छ भने तत्कालिन धरान उपमहानगरपालिकाका मेयर रहेका हर्क साम्पाङले नेतृत्व गरेको श्रम सांस्कृतिक पार्टी समेत संसदमा उपस्थित हुने भएको छ। यस पटकको निवाचनले मधेशवादी दलहरू समाप्त भएका छन्। मधेशमा रहेका विभिन्न दलहरू मध्येको कुनैपनि दल यसपटक संसदमा पुग्न असफल सावित भएका छन्।*

*२०७९ को निर्वाचन हुनु भन्दा ५ महिना अघि गठन भएको रास्वपा अहिले प्रतिनिधिसभामा सबैभन्दा ठुलो पार्टी बनेको छ। प्रतिनिधिसभामा उसको झण्डै दुई तिहाई मत रहेकाले गर्दा उसले अन्य पार्टीहरूको सहयोग र समर्थन लिनुपर्ने आवश्यकता नभएकोले गर्दा उसले संविधान नै संशोधन गर्न सक्ने सम्भावना बढेको छ। रास्वपामा काठमाडौ महानगरकापालिकाका तत्कालिन मेयर बालेन साहको प्रवेशले रास्वपामा उत्साह जगाएको र साहकै लोकप्रियतालाई हेरेर रास्वपाले साहलाई पार्टीको वरिष्ठ नेता र भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्दै एमाले अध्यक्ष केपी ओली निर्वाचित हुँदै आएको झापा ५ मा उम्मेदवार बनाएको उनले ओलीलाई ठुलो मतान्तरले पराजित गरेपछि उनी प्रधानमन्त्री बन्ने बाटो खुलेको छ। साह रास्वपामा प्रवेश नगरेको भए रास्वपाले अहिले ल्याएको सिट संख्या आधा भन्दा कम हुने थियो। भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा साहको प्रत्यक्ष संलग्नता नभएपनि उनी कुनै अँध्यारो कोठामा बसेर जेनजीहरूलाई निर्देशन दिइरहेका थिए। भाद्र २४ गते सिंहदरबारमा आगजनी गर्नेहरू प्राय सबै रास्वपाकै उम्मेदवार बनेर जित हाँसिल गरेका छन् त्यसमा पनि साहको हात रहेको छ।*

*भाद्र २४ गतेको घटनामा संलग्न भएका जेनजीहरूलाई कुनै कानुनी कारबाही नगर्ने सुशिला कार्की सरकारको निर्णय र जेनजीहरूका केही गुटसँग भएको सम्झौताले गर्दा मुलुक दण्डहिनतातर्फ उन्मुख हुने निश्चित रहेको छ। सिंहदरबारमा कसैको व्यक्तिगत सम्पत्ति थिएन त्यो नेपालको केन्द्रीय राजधानीको मुख्य केन्द्र थियो। सर्बोच्च लगायत अन्य न्यायालयहरू जनताकै लागि गठन भएका हुन्। संसद भवन समेत आगजनी हुनु र आगजनी गर्नेहरूमाथि कुनै कारबाही नहुने भएपछि अब आउने रास्वपा सरकारको विरुद्ध कसैले ठुलो आन्दोलन गरेर फेरी सिंहदरबार, सर्बोच्च अदालतमा आगजनी गर्न गए उनीहरूमाथि कारबाही हुने कि नहुने अहिले मुख्य प्रश्न भनेको यही हो ? अबको केही दिनभित्रमा रास्वपाको नेतृत्वको सरकार बन्छ के त्यो सरकारले कानुन तोड्नेहरूलाई कानुनी कारबाही गर्दछ कि गर्दैन ? सरकार गठन नै भईनसकेको अवस्थामा रास्वपाभित्र केही विवाद देखिएको र सरकारको नेतृत्व कसले गर्ने भन्नेमा नै विवाद उत्पन्न हुन सक्ने अवथा समेत देखिन सक्छ। बालेनलाई रास्वपामा प्रवेश गराउँदा रास्वपाका सभापति रवि लामिछाने र बालेनबीचमा भएको सहमतिमा पार्टी नेतृत्व रविले गर्ने र सरकारको नेतृत्व साहले गर्ने सहमति भएको उद्घोष त्यसबेला गरिएको भएपनि अहिले त्यो सहमतिलाई उल्लघन गर्न सक्ने सम्भावना बढेको जस्तो देखिएको छ। रास्वपाले साहको पार्टी प्रवेशलाई उत्साह जगाउन सक्ने भएकाले पार्टी प्रवेश गराएको थियो तर सरकार निर्माण गर्न सक्ने गरी मत आउने आंकलन नगरेको भएपनि झण्डै दुई तिहाई मत आएकोले रास्वपाभित्र विवाद सिर्जना हुन सक्ने अनुमान सहजै गर्न सकिन्छ। साह प्रधानमन्त्री बनेपनि उनसले कुनै चमत्कार गर्न सक्ने सम्भावना न्यून रहेको हामीले ठानेका छौं।*

# नेपालका लागि नयाँ रणनीतिक मार्गको खोजी

**बिनोज बस्न्यात**

दुई ठुला अर्थतन्त्रबिच रहेको नेपालले क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्वपूर्ण लाभ उठाउन सक्छ

विगत करिब साढे सात दशकमा नेपालले विभिन्न राजनीतिक प्रयोग पार गरेको छ । २००७ को राजनीतिक परिवर्तनदेखि २०७२ को संविधानसम्म आइपुग्दा देशले तीन फरक राजनीतिक संरचना- सक्रिय राजतन्त्र, संवैधानिक राजतन्त्र र संघीय गणतन्त्रको अनुभव गरिसकेको छ । शासन व्यवस्थाका रूपमा पञ्चायत, बहुदलीय लोकतन्त्र र संघीय प्रणालीको अभ्यास पनि भइसकेको छ । शान्ति प्रक्रियादेखि संविधान निर्माणसम्मको करिब दुई दशक लामो राजनीतिक संक्रमणले देशलाई नयाँ संवैधानिक ढाँचा दिएको छ । तर, यसले अपेक्षित राजनीतिक स्थिरता, संस्थागत मजबुती र दीर्घकालीन नीतिगत निरन्तरता भने अझै पूर्ण रूपमा स्थापित गर्न सकेको छैन ।

दुई संविधानसभा निर्वाचन र त्यसपछिका आमनिर्वाचनले नेपालको राजनीतिक शक्ति संरचनालाई स्पष्ट बनाएका छन् । यी निर्वाचनले स्थापित राजनीतिक दलहरु, उदाउँदै गरेका नयाँ शक्ति र पछिल्लो समय उदाएका राजनीतिक शक्तिको उपस्थितिलाई संस्थागत रूपमा परिभाषित गरेका छन् । यस प्रक्रियामा न्यायपालिकाका केही महत्वपूर्ण निर्णयले पनि शासन संरचना र राजनीतिक प्रक्रियामा प्रभाव पारेका छन् । तर, यति धेरै राजनीतिक परिवर्तन भए पनि समग्र राजनीतिक तथा संस्थागत मूल्यांकन अझै पर्याप्त रूपमा हुन सकेको छैन । यसले संरचनात्मक परिवर्तन र लोकतान्त्रिक अभ्यासबिचको दूरीलाई संकेत गर्छ ।

आज नेपालले सामना गरिरहेका चुनौती केवल राजनीतिक प्रतिस्पर्धामा सीमित छैनन् । यी चुनौती राष्ट्रिय प्राथमिकता, संस्थागत क्षमता, भूराजनीतिक अवस्थिति र जनमानसको विश्वाससँग गहिरो रूपमा जोडिएका छन् । दीर्घकालीन राजनीतिक स्थिरता, आर्थिक व्यवस्थाको सुदृढीकरण, सामाजिक सद्भावको संरक्षण, सन्तुलित परराष्ट्र नीति र कृषि क्षेत्रको रूपान्तरण अहिलेका प्रमुख राष्ट्रिय प्राथमिकताका रूपमा उभिएका छन् ।

तर, व्यवहारमा यी प्राथमिकतालाई प्रभावकारी रूपमा अघि बढाउन केही संरचनात्मक अवरोध देखा परेका छन् । नेपालको राजनीतिक निर्णय प्रक्रियामा कहिलेकाहीँ लोभ र डरले निर्देशित प्रवृत्ति देखिन्छ । यस्तो प्रवृत्तिले दीर्घकालीन रणनीतिक सोचभन्दा पनि तत्कालीन राजनीतिक लाभलाई प्राथमिकता दिन्छ । परिणामस्वरूप नीति–निर्माण प्रक्रियामा स्थिरता र निरन्तरता कमजोर हुने जोखिम बढ्छ ।

नेपालको भूराजनीतिक अवस्थिति पनि महत्वपूर्ण रणनीतिक कारक हो । भारत र चीनबिच अवस्थित नेपालले सधैँ रणनीतिक सन्तुलन कायम राख्नुपर्ने चुनौती सामना गरेको छ । यी दुई ठुला छिमेकी राष्ट्रका आर्थिक, राजनीतिक र सुरक्षा हितले नेपालको नीतिगत निर्णय प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहन्छ । तर, यही अवस्थिति नेपालका लागि अवसर पनि बन्न सक्छ । नेपालले यसलाई रणनीतिक दृष्टिकोणबाट व्यवस्थापन गर्न सकेमा क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्वपूर्ण लाभ लिन सक्छ ।

यी समग्र परिस्थितिले नेपालको शासन प्रणालीमा केही गम्भीर संरचनात्मक समस्या जन्माएका छन् । पहिलो, नीतिगत निरन्तरताको अभाव । सरकार परिवर्तनसँगै नीति र प्राथमिकता परिवर्तन हुने प्रवृत्तिले दीर्घकालीन योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । दोस्रो, शासन प्रणालीप्रति जनविश्वासको ह्रास । राज्यका संस्थाहरूले अपेक्षित परिणाम दिन नसक्दा जनतामा निराशा र अविश्वास बढ्दै गएको देखिन्छ । तेस्रो, राजनीतिक दलहरूको वैधतामाथि प्रश्न उठ्ने अवस्था । दलभित्र आन्तरिक लोकतन्त्र, पारदर्शिता र नेतृत्व परिवर्तनको अभावले तिनको विश्वसनीयता कमजोर बनाएको छ ।

चौथो, राज्यका संस्थामा बढ्दो अति दलीयकरण । प्रशासनिक संरचनादेखि सार्वजनिक संस्थासम्म दलीय प्रभाव बढ्दा नीतिगत निर्णय वस्तुगतभन्दा पनि राजनीतिक प्रभावमा आधारित हुने जोखिम बढेको छ । पाँचौँ, राजनीतिक भ्रष्टाचार । सार्वजनिक स्रोतको पारदर्शी र जिम्मेवार प्रयोग सुनिश्चित गर्न नसक्दा शासन प्रणालीको विश्वसनीयता कमजोर बन्ने खतरा हुन्छ । छैटौँ, दलगत दृष्टिकोणबाट प्रभावित परराष्ट्र नीति । राष्ट्रिय सहमति र दीर्घकालीन रणनीतिक सोचभन्दा दलगत प्राथमिकताबाट परराष्ट्र नीति सञ्चालन गर्दा राष्ट्रिय हित कमजोर हुन सक्छ । सातौँ, संस्थागत क्षमताको ह्रास । राज्यका प्रमुख संस्थाको दक्षता, स्वायत्तता र दीर्घकालीन क्षमता कमजोर हुँदा नीति कार्यान्वयनमा कठिनाइ उत्पन्न हुन्छ ।

यी चुनौतीबिच एउटा मूल प्रश्न उठ्छ– नेपालले राजनीतिक स्थिरता कसरी पुनः स्थापित गर्ने ? केही विश्लेषकले यसको सम्भावित उत्तर 'निर्वाचन पुनः स्थापना' (इलेक्टोरल रिसेट) मा देखेका छन् । निर्वाचन पुनः स्थापना भन्नाले केवल नयाँ चुनाव गराउनु मात्र होइन, यसको अर्थ व्यापक रूपमा राजनीतिक वैधताको पुनर्निर्माण पनि हो । जब जनताको विश्वास कमजोर हुन थाल्छ, तब नयाँ जनादेशमार्फत राजनीतिक प्रणालीलाई पुनः सक्रिय बनाउने अवसर सिर्जना हुन्छ ।

तर, यस्तो कदम प्रभावकारी हुन निर्वाचन प्रणालीको पुनरावलोकन, प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वबिच सन्तुलन, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको सुदृढीकरण र चुनावी वित्तीय प्रणालीलाई पारदर्शी बनाउने प्रयास अत्यावश्यक छन् । यी सुधारविना केवल नयाँ निर्वाचनले अपेक्षित राजनीतिक स्थिरता ल्याउन सक्ने सम्भावना रहन्न । यससँग केही जोखिम पनि जोडिएका छन् । उही राजनीतिक समीकरण दोहोरिन सक्छ, निर्वाचन प्रक्रिया महँगो र जटिल हुन सक्छ र राजनीतिक ध्रुवीकरण अझ बढ्न सक्छ ।

अतः नेपालको दीर्घकालीन स्थिरता र विकासका लागि अबको मार्ग स्पष्ट हुन आवश्यक छ । यसका लागि तीन प्रमुख रणनीतिक प्राथमिकता विशेष महत्वपूर्ण देखिन्छन् । पहिलो, संस्थागत क्षमता सुदृढीकरण । राज्यका संवैधानिक तथा प्रशासनिक संस्थालाई सक्षम, व्यावसायिक र उत्तरदायी बनाउनु आवश्यक छ । संस्थाको स्वायत्तता र दक्षता सुदृढ नभएसम्म नीति निर्माण र कार्यान्वयन प्रभावकारी हुन सक्दैन ।

संस्थागत क्षमताको सुदृढीकरणसम्बन्धी बहस मूलतः दुई पक्षसँग जोडिएको छ– राजनीतिक प्रणाली र शासन सञ्चालनको ढाँचा । यस सन्दर्भमा संविधान, राष्ट्रिय कानुन, नियम तथा राज्यका प्रमुख संस्थाहरू- विधायिका, संसद् र न्यायपालिका अधिकार तथा जिम्मेवारीलाई आवश्यक संशोधनमार्फत स्पष्ट र प्रभावकारी बनाउने विषय महत्वपूर्ण हुन्छ । यसै क्रममा संसद्मा प्रतिनिधित्वको आकार पुनर्विचार गर्ने तथा प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वबिच सन्तुलन कायम गर्ने वैकल्पिक संरचनाको खोजी पनि गर्न सकिन्छ ।

यसका अतिरिक्त, संसद्ले प्रत्यक्ष रूपमा निर्वाचित गर्ने सरकार प्रमुखको व्यवस्थाजस्ता विकल्प पनि छलफलको विषय बन्न सक्छ, जहाँ सरकार प्रमुखले मन्त्रिपरिषद् गठन गर्दा केही सदस्यलाई संसद्बाहिरबाट नियुक्त गर्न सक्ने व्यवस्था हुन सक्छ । यस्तो व्यवस्थामा संसद्ले आफ्ना विभिन्न समितिमार्फत प्रभावकारी निगरानी र सन्तुलन कायम राख्न सक्छ, जसले विधायिकालाई प्रभावकारी प्रतिपक्षीय भूमिकामा सक्षम बनाउँछ ।

यस बहससँग नजिकबाट जोडिएको अर्को महत्वपूर्ण विषय निर्वाचन न्याय हो । जहाँसुकै बसे पनि नेपाली नागरिकता भएका सबै नेपालीलाई मतदान गर्ने र आफ्नो संवैधानिक अधिकार प्रयोग गर्ने अवसर सुनिश्चित गरिनुपर्छ । हालको निर्वाचन प्रणालीमा विदेशमा रहेका करिब ३० लाखभन्दा बढी नेपाली नागरिक मतदान प्रक्रियाबाट बाहिरै छन् । उनीहरूले देशबाहिर रहे पनि विप्रेषणमार्फत राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान, जिडिपीको २५ प्रतिशतसम्म पुऱ्याइरहेका छन् । त्यसैले, प्रविधि, कूटनीतिक संयन्त्र वा वैकल्पिक मतदान प्रणालीमार्फत उनीहरूको मताधिकार सुनिश्चित गर्नु लोकतान्त्रिक समावेशिताको महत्वपूर्ण पक्ष हो ।

यसलाई समाधान गर्न राज्यका संस्थाको व्यापक डिजिटलीकरण महत्वपूर्ण उपाय हुन सक्छ । डिजिटल आधारमा नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता अभिलेख र निर्वाचन व्यवस्थापन प्रणालीलाई एकीकृत गर्न सकेमा नागरिकले जहाँ भए पनि आफ्नो अधिकार प्रयोग गर्न सक्ने वातावरण सिर्जना गर्न सकिन्छ । यस्तो प्रणालीले नागरिक र राज्यबिचको सम्बन्धलाई सहज बनाउनुका साथै पारदर्शिता, पहुँच र संस्थागत दक्षतालाई पनि सुदृढ बनाउन सक्छ ।

संस्थागत सुदृढीकरणको अर्को महत्वपूर्ण आयाम संवैधानिक निकायको नियुक्ति प्रणाली हो । अख्तियार, निर्वाचन आयोग, लोकसेवा आयोगजस्ता संवैधानिक निकायमा नियुक्ति गर्दा राजनीतिक निष्ठाभन्दा पनि पेसागत दक्षता, अनुभव र संस्थागत विश्वसनीयतालाई प्राथमिकता दिन आवश्यक हुन्छ । यदि यी संस्था दलीय प्रभावबाट मुक्त र पेसागत मापदण्डमा आधारित भएनन् भने लोकतान्त्रिक शासन प्रणालीको सन्तुलन र विश्वास दुवै कमजोर हुन सक्छ ।

दोस्रो, महत्वपूर्ण पक्ष राष्ट्रिय रणनीतिक स्थिरता हो । दीर्घकालीन राजनीतिक स्थिरता सुनिश्चित गर्न राजनीतिक नेतृत्वबिच सहकार्य र सहमतिको संस्कृति विकास गर्नुपर्छ । राष्ट्रिय प्राथमिकतामा साझा दृष्टिकोण निर्माण नगरी स्थिर शासन सम्भव हुँदैन । राष्ट्रिय रणनीतिक स्थिरताको अर्थ केवल सरकार परिवर्तनको स्थिरतामा मात्र सीमित हुँदैन, बरू राजनीतिक दलहरूको आन्तरिक शासन प्रणाली सुधार, राज्यका संस्थालाई दलीयकरणबाट मुक्त बनाउने प्रयास र नागरिकलाई प्रभावकारी सार्वजनिक सेवा प्रदान गर्ने प्रणालीको विकाससँग पनि सम्बन्धित हुन्छ । यस प्रक्रियामा सार्वजनिक सेवाको डिजिटलीकरण विशेष रूपमा महत्वपूर्ण हुन्छ, जसले पारदर्शिता, दक्षता र पहुँचलाई सुदृढ बनाउँछ ।

यसै सन्दर्भमा भ्रष्टाचार नियन्त्रण सबैभन्दा निर्णायक पक्ष हो । भ्रष्टाचारलाई प्रभावकारी रूपमा रोक्नका लागि निवारण र दण्ड दुवै पक्षलाई सुदृढ बनाउने संस्थागत तथा कानुनी संरचना आवश्यक हुन्छ । पारदर्शी प्रक्रिया, उत्तरदायित्वको स्पष्ट व्यवस्था र स्वतन्त्र निगरानी प्रणालीले मात्र भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउन सक्छ । तेस्रो, पक्ष अन्तर्राष्ट्रिय विश्वसनीयता हो । नेपालको परराष्ट्र नीति स्पष्ट, सन्तुलित र राष्ट्रिय हितमा आधारित हुनुपर्छ । यसले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा नेपालको विश्वास र प्रतिष्ठा बढाउन मद्दत पुऱ्याउँछ ।

नेपालको परराष्ट्र नीति समानता, सन्तुलन र समदूरीमा आधारित रणनीतिक दृष्टिकोणबाट सञ्चालन हुनुपर्छ । यसका लागि नेपालले आफ्ना सम्बन्धलाई एकपक्षीय निर्भरताभन्दा पनि बहुपक्षीय र सन्तुलित कूटनीतिक संरचनामा विकास गर्न आवश्यक छ ।

यस सन्दर्भमा सक्रिय असंलग्नतामा आधारित परराष्ट्र नीति पनि विचारणीय विकल्पका रूपमा देखा पर्न सक्छ । यस्तो नीति दृष्टिकोणले नेपाललाई बदलिँदो अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धाबिच आफ्नो रणनीतिक स्वायत्तता कायम राख्दै बहुआयामिक कूटनीतिक सम्बन्ध विस्तार गर्ने अवसर प्रदान गर्न सक्छ । नेपालले आफ्ना राष्ट्रिय प्राथमिकता पनि स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ– राजनीतिक स्थिरता, आर्थिक विकास, सामाजिक सद्भाव, अति राजनीतीकरणको नियन्त्रण, सन्तुलित परराष्ट्र नीति र कृषि क्षेत्रको रूपान्तरण । यी क्षेत्रमा दीर्घकालीन नीतिगत स्पष्टता र निरन्तरता कायम गर्न सकियो भने विकासको आधार बलियो बन्न सक्छ ।

दुई ठुला अर्थतन्त्रबिच रहेको नेपालको भूराजनीतिक अवस्थिति देशका लागि चुनौती मात्र होइन, अवसर पनि हो । रणनीतिक रूपमा व्यवस्थापन गर्न सकियो भने नेपालले क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्वपूर्ण लाभ उठाउन सक्छ ।

नेपालको राजनीतिक भविष्य केवल संस्थागत संरचना परिवर्तनमा मात्र निर्भर छैन । त्योभन्दा महत्वपूर्ण कुरा राजनीतिक संस्कार, संस्थागत प्रतिबद्धता र जनविश्वासको पुनर्निर्माण हो । दीर्घकालीन राजनीतिक स्थिरता, प्रभावकारी कूटनीति र सन्तुलित रणनीतिक निर्णयमार्फत मात्रै नेपालले आफ्नो राष्ट्रिय क्षमता सुदृढ गर्न सक्छ ।

जनता केन्द्रित वा सबैभन्दा महत्वपूर्ण सरोकारी पक्ष भनेकै जनताको आवश्यकता र राष्ट्रिय हित हो । राजनीतिक दल, नागरिक समाज, पेसेवरहरु, बौद्धिक व्यक्ति र राष्ट्रिय शक्तिका राष्ट्रिय साधन र उपकरण माध्यम मात्र हुन् । आजको आवश्यकता स्पष्ट छ, सबै सरोकारी पक्ष बसेर राजनीतिक, आर्थिक, कूटनीति र राष्ट्रिय सुरक्षाको लाई राष्ट्रिय सहमतिमा आधारित रणनीतिक सोच, सुदृढ संस्थागत क्षमता र अन्तर्राष्ट्रियस्तरमा विश्वसनीय राष्ट्रको हितमा सोचेर निर्णय गरेर परिवर्तन गर्नुपर्छ । यी आधारलाई मजबुत बनाउन सकियो भने नेपालले राजनीतिक संक्रमणलाई स्थिरता र समृद्धितर्फ रूपान्तरण गर्ने ऐतिहासिक अवसर प्राप्त गर्न सक्छ, जसले गर्दा देशको राष्ट्रिय सुरक्षा र रणनीतिक विकासका लागि प्रभावकारी रूपमा अगाडि बढ्न सकिन्छ । - *नयाँ पत्रिका*

# के हाम्रो लोकतन्त्र थाकेको हो ?

**रमेश अधिकारी**

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापक ध्यानाकर्षित गरेको छ । सम्भवतः २०६२ को जनआन्दोलन, राजा वीरेन्द्रको वंश विनाश र महाभूकम्पपछि सबैभन्दा बढी अन्तर्राष्ट्रिय मिडियाको ध्यान फागुन २१ को निर्वाचनले पायो र संसारका प्रमुख मिडिया आउटलेटबाट निरन्तर कभरेज पायो । राजनीतिक अस्थिरता, आर्थिक चुनौतीहरु, महँगी, बेरोजगारी र युवा पुस्ताको असन्तुष्टिका कारण भएको नवयुवाहरुको विद्रोहपछि पनि निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, स्वच्छ र विश्वसनीय रूपमा सम्पन्न हुनु सानो उपलब्धि होइन ।

यस पटकको कुल मतदाता १ करोड ८९ लाख ३ हजार ६ सय ७८ मा १ करोड ९ लाख ७७ हजार ७ सय ११ मत खसेको छ । प्रदेशगत रूपमा बागमती प्रदेशमा सबैभन्दा बढी ६०.९३ प्रतिशत, लुम्बिनीमा ५९.९१ प्रतिशत, गण्डकीमा करिब ५९ प्रतिशत, कोशीमा ५८.६२ प्रतिशत, मधेशमा ५८.३९ प्रतिशत, सुदूरपश्चिममा ५८.५८ प्रतिशत र कर्णालीमा सबैभन्दा कम ५५.६६ प्रतिशत मतदान भएको छ ।

यसरी निर्वाचन आयोगले निकालेको तथ्यांकअनुसार यस पटकको मतदान प्रतिशत करिब ५८ प्रतिशत रहनु निर्वाचनको गुणस्तरको हिसाबले सन्तोषजनक अवस्था होइन । यो आँकडा अघिल्लो २०७९ को निर्वाचनको ६१.६३ प्रतिशतभन्दा थोरै कम हो र २०४८ यताकै सबैभन्दा न्यूनमध्ये एक हो । यसले गम्भीर संवैधानिक, राजनीतिक र सामाजिक बहस छेडेको छ, 'के नेपाली जनतामा राजनीति र लोकतान्त्रिक प्रक्रियाप्रति गहिरो मोहभंग र निराशा पैदा भएको हो ?' यो आलेखले विश्लेषण गर्न खोजेको विषय यही नै हो ।

फागुन २१ को निर्वाचन अनपेक्षित भए पनि २०७२ मा जारी संविधानपछि यो तेस्रो र मतदाताको संख्याका हिसाबले सबैभन्दा ठूलो आवधिक निर्वाचन हो । इतिहासमै सबैभन्दा बढी पहिलो पटक भोट हाल्न भनी नयाँ मतदाताको दर्ता भएको यसै पटक थियो । देशमा संघीयता लागू भएको दस वर्ष मात्रै हुँदा यस्ता प्रत्येक आवधिक निर्वाचन संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न महत्वपूर्ण कडी मानिन्छ । जति बढी स्वच्छ र भयरहित निर्वाचन हुन्छ, त्यति नै लोकतन्त्र मजबुत, परिपक्व र सुदृढीकरण हुँदै जान्छ ।

यस पटक ठूला मानिएका दलहरुको तुलनात्मक रूपमा माथिल्लो घोषणापत्र आउनु सुखद विषय हो । सामान्य अवलोकनबाट मात्रै पनि भन्न सकिन्छ- यस पटकको निर्वाचनमा केही पक्षहरुले सकारात्मक उपलब्धि हासिल गरेका छन् । यस पटक राज्य तहको खर्च अत्यधिक रूपमा बढे पनि उम्मेदवार वा दलको निर्वाचन खर्च अघिल्लो निर्वाचनको तुलनामा कम भएको देखियो । चुनाव प्रचारप्रसारमा डिजिटल सामग्रीहरु बढी प्रयोग भयो । सुरक्षाका हिसाबले यो निर्वाचन अब्बल रह्यो । सबैभन्दा राम्रो पक्ष भनेको दलहरुबीचको अप्राकृतिक गठबन्धन यस पटक नाम मात्रैको भयो ।

यति हुँदाहुँदै पनि नयाँ शक्तिहरुको उदय र पुराना दलहरुप्रतिको वितृष्णाका बीच कहीँ कतै मतदाताहरु अलमलमा परेको संकेत मतदानको दिन देखियो । र, इतिहासमा पहिलो पटक केवल ५८ प्रतिशत मत मात्रै झर्न सफल भयो । निर्वाचनको प्रभावकारिता र गुणस्तरको हिसाबले यो आफैँमा सुखद कुरा हुँदै होइन ।

**नेपालको निर्वाचन इतिहास र मतदानको 'ट्रेन्ड'**

नेपालको चुनावी इतिहासलाई हेर्ने हो भने मतदान प्रतिशत सधैँ उतारचढावपूर्ण रहे पनि हालैको निर्वाचनमा जस्तो उदासीनता देखिएको थिएन । प्रजातन्त्रको पुनःस्थापना अर्थात् २०४८ पछिका मुख्य निर्वाचनहरुको तथ्यांक यही आलेखमा समावेश चार्टमा उपलब्ध छ । नेपालको निर्वाचन इतिहासमा सबैभन्दा बढी मतदान प्रतिशत ४ मंसिर २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा रेकर्ड भएको थियो । निर्वाचन आयोगका अनुसार, कुल मतदाता १ करोड २१ लाख ४७ हजार ८ सय ६५ मध्ये ७८.३४ प्रतिशत मत खसेको थियो । यो प्रतिशत नेपालको कुनै पनि संसदीय वा संविधानसभा निर्वाचनमा अहिलेसम्मकै उच्च हो ।

पहिलो संविधानसभाको असफलताले भन्छ- जनताहरुले राजनीतिक दलहरूलाई दोषी ठहऱ्याएका थिए । जनस्तरमा अब फेरि असफल भए देश अर्को संकटमा पर्छ भन्ने सोच आयो अनि जनताले मतदानलाई संविधान जोगाउने अवसरका रूपमा हेरे । अन्तर्राष्ट्रिय रूपमा निर्वाचन पर्यवेक्षकका रूपमा चर्चित संस्थाहरु 'कार्टर सेन्टर' तथा 'एन्फ्रेल' ले पनि यो उच्च मतदानलाई 'संवैधानिक प्रक्रियाप्रतिको




जनताको विश्वास र इच्छाशक्ति' को प्रमाण मानेर अन्तर्राष्ट्रिय वैधता जाहेर गरे ।

**मतदान प्रतिशत घट्नुका ८ कारणहरू**

यस पटक कम मतदान हुनुका पछाडि तथ्यपरक कारणहरु निम्न रहेका छन् भनी आकलन गर्न सकिन्छ । पहिलो, यो निर्वाचन अनपेक्षित र बिनायोजना अपर्झट आएको निर्वाचन हो । यस किसिमको अनपेक्षित निर्वाचनका लागि पेसा वा व्यवसायमा आफ्नो थातथलो छोडेर देशभित्रै मौसमी बसाइँ सरेका वा मूलतः भारतमा गएका व्यक्तिहरु तुलनात्मक रूपमा मतदान गर्न कमै मात्र देश फर्किए । र, कम मतदान भयो ।

दोस्रो, पटक-पटक सरकार परिवर्तन हुनु । दलहरूले आफ्ना सिद्धान्त त्यागेर सत्ताका लागि गठबन्धन गर्नु र जनताका आधारभूत समस्या (जस्तो महँगी र बेरोजगारी) समाधान नहुनुले मतदातामा 'जसलाई जिताए पनि उस्तै हो' भन्ने भावना विकास भएको हुन सक्छ । यसले गर्दा मतदाताले मतदानको दिन मतदानस्थलसम्म जाने रहर गरेनन् ।

तेस्रो, निर्वाचन आयोगले जसरी नयाँ मतदाताहरूलाई दर्ता गर्न उत्साहित गरायो, त्यसको तुलनामा मृत्यु भएका, थातथलो छोडेर विदेश स्थायी रूपमै बसाइँ सरेर गएका मतदाताको रेकर्ड अद्यावधिक नगर्नुका कारण मतदाताको कुल संख्या हाल जति हो, त्यति होइन भन्ने विषय यकिन गर्न सकिन्छ । कतिपय नामहरु दोहोरो दर्ता भएको आकलन गर्न सकिन्छ ।

चौथो, भनिन्छ- करिब ४० देखि ५० लाख नेपाली युवाहरु देशबाहिर छन् । उनीहरूका लागि 'प्रोक्सी भोटिङ' वा 'अनलाइन भोटिङ' को व्यवस्था नहुनुले ठूलो संख्यामा मतदान नहुनु सामान्य कुरा हो । यो संख्या जति-जति युवा विदेश जाने क्रम बढ्छ, त्यति-त्यति बढ्दै जानु स्वाभाविकै हो ।

पाँचौं, निर्वाचन आयोगले यस पटक मतदाता शिक्षामा पर्याप्त लगानी र प्रयास नगरेकै हो । र, यस अगाडिको निर्वाचनमा मतदाता शिक्षामा विकास साझेदारहरूले जति सहयोग गरे, त्यसको तुलनामा यस पटक न्यून सहयोग हुनुको कारण मतदान केन्द्रमा मतदाताहरूलाई ल्याउन नसकेको देखिन्छ ।

छैटौं, काठमाडौं, पोखरा तथा विराटनगरजस्ता ठूला सहरहरु वा यस्तै सहरहरूमा बस्ने तर गाउँमा मतदाता नामावली भएकाहरूका लागि यो अनपेक्षित निर्वाचन भएको हुँदा भोट हाल्न जान खर्चिलो भयो । वा, ती जान अनिच्छुक देखिएको पनि हुन सक्छ । र, सरकारले आफ्ना कर्मचारीहरूलाई थप बिदा दिएर सहज बनाए पनि निजी क्षेत्रमा काम गर्ने मान्छेले त्यो सुविधा पाएनन् । त्यसैले ती पनि मतदानका लागि गाउँ फर्किन पाएनन् र थोरै मत खसेको हो ।

सातौं, सबै नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्ने व्यवस्था नेपालको संविधान, २०७२ मा उल्लेख छ । सर्वोच्च अदालतले ७ चैत २०७४ मा आवश्यक कानुनी र प्रक्रियागत व्यवस्था गरी विदेशमा बस्ने नागरिकलाई मतदानको अधिकार दिन सरकारका नाममा आदेश पनि दिएको थियो । सरकारले विदेशमा रहेका नागरिकलाई मतदानको अधिकार दिने विषयमा शृंखलाबद्ध रूपमा बहस चलाए पनि आवश्यक कानुनी र व्यवस्थाकीय तयारी नहुँदा घोषणा भएको २१ फागुनको चुनावमै पनि यो निर्णय कार्यान्वयन भएन । र, यो व्यवस्था नहुँदासम्म आगामी दिनमा पनि मतदान प्रतिशत घट्दै जाने निश्चित छ ।

आठौं, फागुनको तेस्रो साता हिउँका कारण हिमाली जिल्लाका उत्तरी भागमा बसेका मान्छेहरु आफ्नो गाउँमा फर्केर मतदान गर्न नपाउनुले पनि केही हदसम्म मतदान घटाएको बुझ्न सकिन्छ ।

**वैधताको प्रश्न : सैद्धान्तिक र कानुनी पक्ष**

कति प्रतिशत मत झऱ्यो भने निर्वाचन वैध मानिन्छ भन्ने कुरा प्रायशः सोधिरहने प्रश्न हो । लोकतन्त्रमा निर्वाचनको वैधताका लागि मतदानको कुनै निश्चित न्यूनतम प्रतिशत तोकिएको हुँदैन । सामान्य प्रतिशत मात्रै मत झऱ्यो भने पनि प्राविधिक रूपमा निर्वाचन वैध मानिन्छ । तर, राजनीतिक र नैतिक वैधताका लागि भने ५० प्रतिशतभन्दा माथिको सहभागितालाई सन्तोषजनक मानिन्छ । यसका साथसाथै निर्वाचनको गुणस्तरका बारेमा कुरा गर्दा त्यस देशको अघिल्लो निर्वाचनको मतदानको प्रतिशतलाई बेसलाइन मानेर हेर्ने प्रचलन पनि छ । अन्तर्राष्ट्रिय अभ्यासमा यदि मतदान प्रतिशत निकै कम भयो भने त्यसलाई 'साइलेन्ट प्रोटेस्ट' अर्थात् मौन विरोधका रूपमा लिइन्छ । जसले निर्वाचित प्रतिनिधिहरूलाई जनताको पूर्ण समर्थन छैन भन्ने दर्शाउँछ । २०६२ मा राजाद्वारा सम्पन्न निर्वाचन यसको उदाहरणका रूपमा लिन सकिन्छ । २१ फागुन २०८२ को निर्वाचनमा ५८ प्रतिशत मतदान हुनुलाई साह्रै नै चिन्ताका रूपमा हेर्नुपर्ने स्थिति त होइन । तर, लगातार मतदान प्रतिशत घट्दै जानु भने गम्भीर विषय हो ।

**विश्वव्यापी परिदृश्यमा अन्य देशको अवस्था**

मतदान प्रतिशतको सवालमा नेपाल मात्र एक्लो छैन । विश्वका विभिन्न देशहरूको औसत मतदानलाई हेरौं । डेमोक्रेसी इन्डेक्समा सधैं अब्बल मानिने डेनमार्कमा मतदान प्रतिशत प्रायः ८० प्रतिशतदेखि ८५ प्रतिशतको बीचमा हुन्छ । परिपक्व लोकतन्त्र मानिएको र जनतामा राजनीतिक चेतना उच्च भएका कारण जनता उत्साहका साथ निर्वाचनमा भाग लिन्छन् ।

हाम्रो छिमेकी मुलुक भारतकै उदाहरण हेर्दा पनि देखिन्छ- पछिल्ला निर्वाचनहरूमा औसत ६७ प्रतिशतभन्दा माथि मतदान हुने गरेको छ । 'डिजिटल इन्डिया' र व्यापक मतदाता जागरणले यसलाई बढाएको देखिन्छ । अमेरिकाको २०२४ को राष्ट्रपतिको निर्वाचनमा ६५.३ प्रतिशत मतदान भयो । मेनिसोटामा सबभन्दा धेरै ७६ प्रतिशत तथा हवाईमा केवल ५० प्रतिशत मतदान भयो । न्यून मतदान हुने स्विट्जरल्यान्डमा केवल ४०-४५ प्रतिशत भोट हुन्छ । सायद स्विट्जरल्यान्डमा स-साना मुद्दाहरूमा सधैं जनमत वा निर्वाचन भइरहने हुँदा मतदाताहरूमा 'भोटिङ थकान' भएको हुन सक्छ ।

निर्वाचन र मतदाता सहभागिताको कुरा गर्दा अस्ट्रेलिया एउटा रमाइलो देश हो । त्यहाँ 'अनिवार्य मतदान' को व्यवस्था भएको हुँदा ९० प्रतिशतभन्दा माथि मत खस्छ । त्यस्तै, द्वन्द्वग्रस्त वा राजनीतिक अस्थिरता भएका मुलुक (अल्जेरिया, ट्युनिसिया र हैटी) मा यो प्रतिशत २०-३० मै सीमित हुन्छ ।

**आगामी दिनमा सुधारका उपायहरू**

अहिलेको मत प्रतिशत हाम्रा लागि चेतावनी मात्र हो । यस चेतावनीले हाम्रा दल र राज्य संयन्त्रलाई ब्युँझाउनुपर्छ । आगामी निर्वाचनमा सहभागिता बढाउन निम्न कार्यहरु गर्नु अनिवार्य छ :

विदेशमा रहेका नेपालीलाई मताधिकार : सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीहरूलाई अनलाइन वा पोस्टल विधिमार्फत मतदान गर्ने व्यवस्था मिलाउनुपर्छ । गत भदौको नवयुवाहरूको आन्दोलनको आशय मात्रै नभई लाखौं लाख डायस्पोराको माग पनि यही हो । नेपालले पनि यसलाई आगामी २०८४ मा हुने प्रदेशसभाको समानुपातिक मतबाट मात्रै सुरुवात गर्न सक्ने कार्ययोजना बनाउनुपर्छ । आगामी सरकारबाट यो अपेक्षा लिन सकिन्छ ।

अन्तरजिल्ला मतदानको व्यवस्था : हाल निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षा निकायका मान्छेलाई मात्र समानुपातिकमा भोट हाल्न दिने र अन्य लाखौं लाख पेसा, व्यवसाय र अध्ययनका लागि देशभित्रै रहेर आफ्नो मतदान केन्द्र जान नसकेका मतदाताहरूलाई अन्तरजिल्ला मतदान गर्न सक्ने व्यवस्था गरिएको छैन । यस्तो अवस्थामा अबको निर्वाचनमा वा 'एनिओयर भोटिङ' (जहाँ छ, त्यहीबाट मतदान) को सुरूवात गर्न ठूलो तयारी वा खर्च चाहिँदैन ।

अनिवार्य मतदानको बहस : केही देशहरूमा जस्तै मतदान नगर्नेलाई सामान्य जरिवाना वा सरकारी सुविधामा कडाइ गर्नेबारे बहस चलाउन सकिन्छ ।

राइट टु रिजेक्ट अर्थात् नो भोट : फागुन २१ को निर्वाचनमा केही मतदानस्थलहरूमा निर्वाचनलाई बहिष्कार गरेर मौन विद्रोह गरेको स्थितिलाई सामान्य रूपमा लिनु लोककन्त्रका लागि राम्रो हुँदै होइन । यसका लागि राज्य संयन्त्र उनीहरूसँग विद्रोहको कारण बुझेर अगाडि बढ्न सक्छ । तर, उम्मेदवार मन नपरे 'नो भोट' हाल्ने अधिकार दिइएमा मतदाताको सहभागिता बढ्ने निश्चित छ । र, दलहरूलाई राम्रो उम्मेदवार उठाउन दबाब पुग्नेछ । जसले समग्रमा मतको संख्या बढ्नेछ ।

राजनीतिक सुधार : सबैभन्दा महत्वपूर्ण विषय हो- दलहरूले जनताको जीवनस्तर सुधार्ने काम गर्नुपर्छ । जबसम्म जनताले 'आफ्नो भोटले आफ्नो जीवन बदलिन्छ' भन्ने विश्वास गर्दैनन्, तबसम्म तिनमा उत्साह फर्कने छैन । प्रभावकारी मतदाता र अनिवार्य नागरिक शिक्षा : निर्वाचन घोषणा भएपछि मात्र एउटा पालिकामा एउटा मतदाता स्वयंसेवक राखेर वा केही रेडियो वा टीभीमा विज्ञापन वा सचेतनाको गीत गाएर हुँदैन । यसका लागि स्कुल र कलेजमै लोकतन्त्र वा निर्वाचनसम्बन्धी पाठ्यक्रम नै राखेर मतदानको समग्र विकास र लोकतन्त्र सुदृढीकरणमा महत्त्वको कुरा नागरिक शिक्षाका रूपमा राख्नुपर्छ । यो कार्य गर्ने हो भने मतदानमा मतदाताहरूको सहभागिता बढ्नेछ ।

निर्वाचनमा दलहरूको सक्रियता : राजनीतिक दलहरूले लाखौं लाख सदस्यहरु आफ्नो पार्टीसँग आबद्ध भएको फेहरिस्त समय-समयमा दावा गर्छन् । र, राजनीतिक दलहरूमा हुने प्रशिक्षण कार्यक्रममा मात्रै मतदाताहरूलाई केन्द्रसम्म पुऱ्याउने कुरा नगरी मतदाता शिक्षामै दलका सदस्यहरु सक्रिय हुन सके दिगो रूपमै निर्वाचनमा मतदाताहरूको उपस्थिति बढ्न सक्छ ।

स्थानीय सरकारको संलग्नता : हालको हाम्रो निर्वाचन प्रक्रियामा स्थानीय सरकारको संलग्नता वा सहभागिता कहीँ कतै देखिँदैन । आगामी दिनमा पालिकाहरूमा एउटा निर्वाचनसम्बन्धी कार्य, नयाँ मतदाताको नामावली दर्ता, मृतक वा बसाइँ सरेकाहरूको डेटा अद्यावधिक र मतदाता शिक्षालाई पालिकाहरूबाट दिइने हर क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा समावेश गर्नुपर्छ । यसो गर्दै जाने हो भने दीर्घकालमा ७७ जिल्लामा रहेका निर्वाचन आयोगका जिल्ला कार्यालयको औचित्य पनि समाप्त हुन्छ । यसले लागत प्रभावकारिता र नगराई निर्वाचनमा सहभागिता पनि बढाउँछ । र, संघीयताको मूल मर्म पनि त्यही नै हो ।

**निष्कर्ष**

निर्वाचन केवल 'टिक अन बक्स' गर्नु वा प्रक्रिया पूरा गर्नु मात्रै होइन । निर्वाचन खासमा लोकतन्त्रको एक महान् चाड र उत्सव हो । मतदानका दिन बिस्तारै ओह्रालो लाग्दै गरेको मतदाताहरूको उपस्थितिले हाम्रो लोकतन्त्र कतै 'थकित' हुँदै गएको त होइन भन्ने विषयमाथि गम्भीर संकेत गर्छ । मतदाताहरूको उपस्थिति घट्नु भनेको जनताको दलहरूप्रतिको अविश्वासको एउटा सूक्ष्म सूचक पनि हो । राज्य संयन्त्र वा निर्वाचन आयोग वा राजनीतिक दलहरूले समयमै सुधारका कदम चाल्न सकेनन् भने यसले व्यवस्थामाथि नै प्रश्न उठाउन सक्छ । तसर्थ, राज्य र राजनीतिक दलहरूले यसलाई गम्भीर चेतावनीका रूपमा लिनु आवश्यक छ । र, अब हाम्रो लोकतन्त्र थकित भएको छैन भनेर सबैलाई सन्देश दिन ढिलो गर्नु हुन्न । - *कान्तिपुर*

# महँगी ११ महिनायताकै उच्च

काठमाडौं । चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो सात महिना बित्दै गर्दा महँगीमा निरन्तर चाप बढ्न थालेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार माघ महिनामा मुद्रास्फीति (मूल्यवृद्धिदर) ३.२५ प्रतिशत कायम भएको छ । यो पछिल्ला ११ महिनायताकै उच्च मूल्यवृद्धिदर हो । गत वर्षको चैतमा मुद्रास्फीति ३.३९ प्रतिशत थियो । अघिल्लो महिना पुसमा मुद्रास्फीति २.४२ प्रतिशत थियो भने मंसिरमा १.६३ प्रतिशत मात्रै थियो । लामो समयदेखि बजारमा माग सिर्जना नहुँदा मुद्रास्फीति सुस्त दर कायम रहे पनि माग बढ्दै जाँदा मुद्रास्फीतिमा पनि दबाब बढ्न थालेको छ ।

२१ फागुनको निर्वाचनमा सुविधाजनक बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार गठन हुने निश्चित देखिएको छ । सरकार गठन नहुँदै अर्थतन्त्रमा दबाब बढ्ने संकेत देखिएको छ । आयातमा आधारित उपभोग प्रणाली कायम रहेकाले विश्वबजारमा हुने आपूर्ति शृंखलाको अवरोधले नेपाली बजारमा प्रत्यक्ष असर पार्ने देखिन्छ । मुख्य गरी इन्धनको प्रमुख स्रोत इरान (जहाँबाट भारतले कच्चा तेल ल्याएर नेपालमा निर्यात गर्छ) र मध्यपूर्वका देशहरूबिच तनाव बढ्दै जाँदा नेपाली बजारलाई थप दबाबमा राख्ने अर्थशास्त्रीहरूको विश्लेषण छ ।

अहिले उपभोक्ताको भान्छामै महसुस हुने गरी महँगी बढिसकेकाले फागुनको तथ्यांकमा मुद्रास्फीति थप बढेर आउने अर्थशास्त्री केशव आचार्यको भनाइ छ । उनले भने, 'राष्ट्र बैंकले त माघसम्मको मात्रै तथ्यांक अहिले सार्वजनिक गरेको छ । फागुनको तथ्यांक सार्वजनिक हुने समयमा त मुद्रास्फीति अझै बढ्ने अवस्था देखिसकियो । किनभने सर्वसाधारण उपभोक्ताले भान्छामै महँगी भोग्न थालिसके । इरान र मध्यपूर्वको तनाव थप बढ्दै गए स्थिति भयावह बन्न सक्छ ।'

नेपालको कुल आयातको ठुलो हिस्सा इन्धनले नै ओगट्छ । केन्द्रीय बैंकका अनुसार माघसम्ममा नौ खर्ब ३९ अर्ब दुई करोडको कुल वस्तु आयात भएको छ । जसमा पेट्रोलियम उत्पादनको मात्रै १४.१ प्रतिशत हिस्सा छ । भारतीय बजारमा इन्धन आपूर्ति कमजोर भएकाले त्यहाँका नागरिक खाना पकाउने ग्यास खरिदका लागि लामो लाइनमा बस्दै गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । भारतबाट आयात हुने भएकाले नेपालमा पनि त्यसको प्रत्यक्ष असर पर्ने आचार्यको भनाइ छ । इन्धनबाहेक खाडी मुलुकबाट आयात हुने मुख्य वस्तुमा रासायनिक मल पनि हो । किसानले समयमा मल नपाउने अवस्था बन्ने जोखिमलाई पनि गम्भीरताका साथ लिनुपर्ने उनको भनाइ छ ।

**अर्थतन्त्रमा रेमिट्यान्सको सुविधा खोसिने चिन्ता**

हालसम्म अर्थतन्त्रलाई सुविधाजनक स्थितिमा कायम राख्न रेमिट्यान्सले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । तर, १२ दिन बितिसकेको मध्यपूर्वको तनाव थप लम्बिँदै गएमा रेमिट्यान्स गुम्ने जोखिम देखिएको अर्थशास्त्री आचार्यको विश्लेषण छ । केन्द्रीय बैंकका अनुसार चालू आवको सात महिनासम्ममा १२ खर्ब ६१ अर्ब १ करोड रूपैयाँ रेमिट्यान्स आइसकेको छ । यो ३९.८ प्रतिशतको वृद्धि हो । तर, नेपाली कामदारको श्रम गन्तव्य मुलुक कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, साउदी अरबजस्ता मुलुकहरूमा लगातार इरानको आक्रमण कायम छ ।

यसले श्रमबजारमा असर पार्ने जोखिम रहेकाले रेमिट्यान्स पनि गुम्न सक्ने आचार्यको भनाइ छ । उनले भने, 'बैंकिङ प्रणालीमा तरलताप्रवाह, विदेशी मुद्रामा योगदान र नेपालको प्रतिव्यक्ति आम्दानीमा योगदान पुऱ्याइरहेको रेमिट्यान्स गुम्यो भने सबैभन्दा ठुलो समस्या अर्थतन्त्रमा देखापर्नेछ । माघसम्ममा यो त बढी नै देखिन्छ । तर, एक–दुई महिना मध्यपूर्वको तनाव लम्बिँदै गयो भने रेमिट्यान्सले नेपाली अर्थतन्त्रमा दिइरहेको सुविधा सबै खोसिन सक्छ । यसै त हाम्रो देशमा प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक सहायता प्रतिबद्धताअनुसार आउन सकेका छैनन् ।

रेमिट्यान्स नै गुम्यो भने स्थिति तनावपूर्ण बन्न सक्छ । यसमा सरकार चनाखो हुनुपर्छे देखिन्छ ।' कतारको दोहा र संयुक्त अरब इमिरेट्सस्थित दुबईको उडानमा अवरोध कायम रहँदा विदेशी पर्यटकको आवागमनसमेत प्रभावित हुने अर्थशास्त्री आचार्यको विश्लेषण छ ।

माघमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति ३.२५ प्रतिशत छ । गत पुसमा यो २.४२ प्रतिशत थियो । मंसिरमा १.६३ प्रतिशत मात्रै थियो । यो पछिल्ला ११ महिनायताकै उच्च मूल्यवृद्धिदर हो । गत वर्षको चैतमा मुद्रास्फीति ३.३९ प्रतिशत थियो ।

कुल विदेशी मुद्रा सञ्चिति ३३ खर्ब २ अर्ब ६६ करोड छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २२ अर्ब ७६ करोड पुगेको छ । यस्तो सञ्चिति १८.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

चालू खाता चार खर्ब ९३ अर्ब ७८ करोड रूपैयाँ बचत कायम छ । गत आर्थिक वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ८४ अर्ब १४ करोडले बचतमा थियो । शोधनान्तर पाँच खर्ब ७२ अर्ब ७३ करोड बचतमा छ । गत आवको सोही अवधिमा दुई खर्ब ८४ अर्ब ४१ करोडले बचतमा थियो । रेमिट्यान्स आप्रवाह ३९.८ प्रतिशतले बढेर १२ खर्ब ६१ अर्ब एक करोड रूपैयाँ कायम भएको छ । अमेरिकी डलरमा ३३ प्रतिशतले बढेको छ । चालू आर्थिक वर्षको माघ महिनामा मात्रै एक खर्ब ९८ अर्ब ८ करोडको रेमिट्यान्स आएको छ ।

सात महिनामा ३२.२ प्रतिशतले बढी वस्तु निर्यात र १३.६ प्रतिशत बढी आयात भएको छ । कुल एक खर्ब ६८ अर्ब १५ करोडको निर्यात हुँदा ११ खर्ब २३ अर्ब ४९ करोडको आयात भएको छ । व्यापारघाटा ९ खर्ब ५५ अर्ब ३४ करोडको छ । सात महिनामा सरकारको खर्च ८ खर्ब १ अर्ब ३७ करोड र राजस्व परिचालन ६ खर्ब ६५ अर्ब २ करोड छ ।



बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ६ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा ४ प्रतिशतले बढेको छ । निक्षेप संकलन चार खर्ब ३३ अर्ब ७१ करोडले बढेको छ भने २ खर्ब २१ अर्ब ८४ करोडले कर्जा विस्तार भएको छ ।

खुद सेवा आय ५० अर्ब १६ करोडले घाटामा छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ३६ अर्ब १७ करोडले घाटामा थियो । सेवा खाताअन्तर्गत नेपाल भ्रमणमा आउने पर्यटकले गर्ने खर्च ४७ अर्ब ९९ करोड कायम छ । गत आवको सोही अवधिमा ४९ अर्ब २८ करोड थियो । अर्थात् यस्तो आम्दानी २.६ प्रतिशतले घटेको छ । नेपालीहरूले विदेश भ्रमण र विदेश पढ्न जाँदा गर्ने खर्च भने बढेको छ ।

समीक्षा अवधिमा यस्तो खर्च एक खर्ब २१ अर्ब २७ करोड छ । गत आवको सोही अवधिमा यस्तो खर्च एक खर्ब १५ अर्ब मात्रै थियो । प्रत्यक्ष वैदेशिक लगानी भने बढेको छ । समीक्षा अवधिमा १० अर्ब २२ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) ७ अर्ब ४३ करोड थियो ।

# राष्ट्रिय आर्थिक गणना २०८२ मा चार हजार गणक

काठमाडौं । 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ हुने राष्ट्रिय आर्थिक गणना ०८२ का लागि चार हजार गणक परिचालन हुने भएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी ढुण्डिराज लामिछानेले यसपटकको गणनामा निजी क्षेत्रसँगको सहयोग र सहकार्यमा गरिने तयारी भएको बताएका छन् । देशभरका ७७ जिल्लामा ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी कार्यक्रमलाई करिब चार महिनाभित्र असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको उनले जानकारी दिए ।

यसैको तयारीस्वरूप अहिले जिल्ला आर्थिक गणना अधिकारी तथा सहायक आर्थिक गणना अधिकारीलाई प्रशिक्षण दिने कार्य भइरहेको छ । कार्यक्रमको उद्घाटन गर्दै उनले आर्थिक गणना ०८२ को जिल्लास्तरमा चैतदेखि ०८३ असार मसान्तमा स्थापना हुने ८४ ओटा जिल्ला आर्थिक गणना कार्यालयमा खटिने जिल्ला आर्थिक गणना अधिकारीको नेतृत्वमा स्थलगत तथ्यांक संकलन हुने बताए । कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले विश्व प्रतिस्पर्धात्मक अर्थतन्त्रको युगमा तथ्यांक नै सबैभन्दा ठुलो शक्ति भएको बताउँदै विश्वसनीय तथ्यांकविना प्रभावकारी आर्थिक नीति–निर्माण सम्भव नहुने बताए । आर्थिक गणनाले निजी क्षेत्रका सुधार कार्यक्रमलाई सही दिशामा लैजान, लगानीकर्ताको विश्वास अभिवृद्धि गर्न तथा रोजगारी र उत्पादकत्व वृद्धि गर्ने रणनीति निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने भएकाले परिसंघले सहकार्य गर्ने,उनले बताए ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले आगामी सरकारले पाँच वर्षभित्र ६० खर्बको अर्थतन्त्रलाई १०० खर्बमा पुऱ्याउने लक्ष्य राखेकाले त्यसको आधार तयार गर्न विश्वसनीय तथ्यांक अत्यन्त आवश्यक रहेको बताए । उद्योग–व्यवसायको संरचना, लगानीको प्रवृत्ति, रोजगारीको अवस्था तथा अनौपचारिक क्षेत्रको आकारजस्ता महत्वपूर्ण पक्षहरूको यथार्थ चित्रण आर्थिक गणनाबाट मात्र सम्भव हुने उनले बताए ।तथ्यांकले नीति, योजना तथा कार्यक्रमलाई प्रमाणमा आधारित बनाउँदै दीर्घकालीन आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याउने उनको भनाइ थियो ।

खेलकुद

# एन्फा र खेलाडी संघबिच सहमति, 'ए' डिभिजन लिग ३० चैतदेखि

अखिल नेपाल फुटबल संघ (एन्फा) र नेपाल खेलाडी संघबिच मंगलबार सहमति भएको छ । सहमतिपछि संघले सातदोबाटोस्थित एन्फा केन्द्रीय कार्यालयमा लगाइएको तालाबन्दी खुलेको छ । दुई पक्षबिचको छलफलपछि खेलाडी संघले एन्फा कार्यालयमा लगाइएको तालाबन्दी खोलेको जनाइएको छ । छलफलमा सहिद स्मारक 'ए' डिभिजन लिग आगामी ३० चैतदेखि सुरू गर्ने सहमति भएको छ ।

०७९ पछि 'ए' डिभिजन लिग हुन लागेको हो । राष्ट्रियस्तरका खेलाडीले करिब ३४ महिनापछि घरेलु फुटबलकै शीर्ष डिभिजन लिग खेल्ने अवसर पाउन लागेका हुन् । वार्तामा एन्फा महासचिव किरण राई, केन्द्रीय सदस्य पुरूषोत्तम थापा, प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधर, कोषाध्यक्ष रवीन्द्र जोशी, एन्फा प्रवक्ता सुरेश शाह तथा खेलाडी संघका प्रतिनिधि सहभागी थिए । 'दुई पक्षबिचको सहमतिपछि एन्फा मुख्यालयमा लगाइएको ताला खुलेको हो । खेलाडीको माग पूरा गर्न एन्फा तयार छ,' एन्फाका प्रवक्ता शाहले भने, 'खेलाडी अक्षय कोषमा जम्मा गरिनुपर्ने रकम संघले नै जम्मा गर्ने प्रतिबद्धता भएको छ ।'

खेलाडी संघका अध्यक्ष विक्रम लामाले लामो समयको संघर्षपछि एन्फा लिग गराउने विषयमा स्पष्ट भएको बताएका छन् । 'धेरै समयको संघर्षपछि एन्फाले लिग गर्छौं भनेको छ, लिगको मिति पनि आएको छ,' लामाले भने, 'यसअघि गर्छौं–गर्छौं भने पनि मिति तोकिएको थिएन । लगातार संघर्ष गर्दै अन्ततः ताला लगाउने स्थितिमा पनि पुगेका थियौं ।'

यसैगरी, एन्फाका प्रतियोगिता निर्देशक सञ्जीव मिश्रले खेलाडी संघसँग भएको सहमतिअनुसार 'ए' डिभिजन लिगसँगै राष्ट्रिय लिगको तालिका संशोधन गरेर लिगका लागि समय मिलाउने योजना रहेको पनि जानकारी दिएका छन् । राष्ट्रिय लिग ३० चैतसम्म चल्नेछ । त्यसपछि त्यसलाई रिभाइज गरेर केही अगाडि सकाउने योजना एन्फाको छ । ३० चैतमा 'ए' डिभिजन लिगको एउटा खेल गरेर आगामी २० वैशाखमा नियमित रूपमा लिगका खेल सुरू गर्ने सहमति भएको हो ।

सहमतिअनुसार खेलाडीको सेवा–सुविधासम्बन्धी अघिल्लो कार्यसमितिबाट निर्णय भई भुक्तानी हुन बाँकी पुरस्कार रकम चैतदेखि किस्ताबन्दीमा भुक्तानी गर्दै लैजानेछ । यसअघि एन्फा र क्लबहरूको संयुक्त बैठकले ०८२ मा लिग नगर्ने सहमति गरेका थिए । उनीहरूले 'ए' डिभिजन लिग ३ पुस ०८३ गर्ने भनेका थिए । यसअघि उनीहरूबिच राष्ट्रिय लिग गर्ने सहमति भएको थियो । अहिले दशरथ रंगशाला र एन्फा कम्प्लेक्समा राष्ट्रिय लिग चलिरहेको छ ।

संघले लामो समयदेखि फुटबल खेलाडी र समग्र नेपाली फुटबलको हितका विषयमा एन्फासँग वार्ता तथा आन्दोलन गर्दै आएको भए पनि माग बेवास्ता गरिएपछि गत आइतबार एन्फा मुख्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेको थियो । खेलाडी संघका अध्यक्ष विक्रम लामाको नेतृत्वमा केही खेलाडीले ३४ महिनादेखि हुन नसकेको 'ए' डिभिजन लिगको निश्चितता, खेलाडी अक्षय कोषको विस्तृत विवरण, नौ वर्षदेखि खेलाडीले पाउन बाँकी पुरस्कार रकम उपलब्ध गराउनुपर्नेलगायत माग पूरा गर्नुपर्ने जनाउँदै तालाबन्दी गरिएको थियो ।

एन्फा प्रवक्ता शाहले सोमबार विज्ञप्तिमार्फत मागहरु पूरा गर्ने प्रतिबद्धता जनाउँदै खेलाडी संघलाई केन्द्रीय कार्यालयको ताला खोल्न आग्रह गरी वार्तामा आउन आग्रह गरेका थिए । एन्फाको आह्वानपछि खेलाडी संघ वार्तामा बस्न तयार भएको हो । ताला खुलेपछि दुई पक्षबिच छलफल भयो । त्यसपछि खेलाडीको मुख्य माग 'ए' डिभिजन लिग ३० चैतबाट सञ्चालन गर्ने सहमति भएको हो । 'ए' डिभिजन लिग ३० चैतदेखि गर्ने सहमति भएको छ । यस्तै, आगामी मंसिरभित्र 'बी' र 'सी' डिभिजन पनि सक्ने सहमति भएको छ,' एन्फा प्रवक्ता शाहले भने, 'सहमतिअनुसार कोषमा जम्मा गर्नुपर्ने रकम सकेसम्म चाँडो जम्मा गरिनेछ ।'

# टी–२० विश्वकपबाट नेपालले पायो झन्डै चार करोड रुपैयाँ

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले दसौं टी–२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी २० राष्ट्रलाई ११.२५ मिलियन अमेरिकी डलर (एक अर्ब ६५ करोड रूपैयाँ) पुरस्कार रकम वितरण गरेको छ । विश्वकपमा सहभागी भएबापत र उनीहरूको प्रदर्शनका आधारमा रकम वितरण गरिएको आइसिसीले जनाएको छ । तेस्रोपटक विश्वकप विजेता बनेको भारतले सर्वाधिक २६ लाख ३९ हजार ४२३ अमेरिकी डलर प्राप्त गरेको छ ।

दोस्रोपटक विश्वकप उपविजेता बनेको न्युजिल्यान्डले १४ लाख २२ हजार ६०२ अमेरिकी डलर पाएको छ । यसैगरी, दक्षिण अफ्रिकाले १० लाख पाँच हजार ५७७ र इंग्ल्यान्डले नौ लाख ७४ हजार ४२३ अमेरिकी डलर हात पारेको आइसिसीले जनाएको छ । आइसिसीले सन् २०२४ को संस्करणको तुलनामा यसपटक पुरस्कार रकम वृद्धि गरेको हो । आइसिसीले सहभागी २० टोलीलाई जित र स्थानका आधारमा पुरस्कार रकम वितरण गरेको हो । समग्रमा तेस्रो तथा लगातार दोस्रोपटक विश्वकप खेलेको नेपाल १६औं स्थानमा रह्यो । नेपालले दुई लाख ५६ हजार १५४ अमेरिकी डलर (तीन करोड ७७ लाख रूपैयाँ) पाएको छ । भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा नेपाल समूह 'डी'मा परेको थियो । नेपालले समूहको पहिलो खेलमै दुईपटकको विजेता इंग्ल्यान्डविरूद्ध उत्कृष्ट खेल प्रदर्शन गरेको थियो ।

इंग्ल्यान्डले एसोसिएट राष्ट्र नेपाललाई केवल ४ रनले हराएको थियो । आइसिसीका अनुसार नेपाल र इंग्ल्यान्डबिचको खेल विश्वकपकै सर्वाधिक रोमाञ्चक रहेको जनाएको छ । नेपालले विश्वकपमा स्कटल्यान्डलाई हराउँदै सन् २०१४ पछि जित हात पारेको थियो । समूह 'डी'मा नेपाल नवप्रवेशी इटालीबाट १० विकेट तथा दुईपटकको विजेता वेस्ट इन्डिजबाट नौ विकेटले पराजित भयो । १०औं संस्करणको विश्वकपमा उत्कृष्ट प्रदर्शनसँगै एक खेल जितेको नेपालले ३१ हजार १५४ अमेरिकी डलर बोनस पाएको छ । नेपालसहित इटाली, नेदरल्यान्ड्स र युएईले समान दुई लाख ५६ हजार १५४ अमेरिकी डलर प्राप्त गरेका छन् । आइसिसीले पुरस्कार रकम समूह चरण, सुपर ८, सेमिफाइनल र फाइनलसम्मको आधारमा दिएको हो ।

कर्पोरेट

## ● महालक्ष्मी विकास बैंकको फेवाताल किनारमा पदयात्रा कार्यक्रम

महालक्ष्मी विकास बैंकले फेवाताल किनारमा पदयात्रा कार्यक्रम गरेको छ । बैंकले २४-२५ फागुनमा आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत दुईदिने कार्यशाला आयोजना गरेको हो । कार्यक्रममा वातावरण, संस्कृति र सम्पदा संरक्षण तथा दिगो बैकिङ प्रवर्द्धनप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्दै सामूहिक पदयात्रा गरिएको बैंकले जनाएको छ ।

बैंकका विभागीय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रबन्धक र अन्य कर्मचारीको उत्साहजनक सहभागिता थियो । दुईदिने कार्यशालाले हालको वित्तीय अवस्था, निर्वाचनपछिको सकारात्मक परिस्थिति तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट सिर्जना हुन सक्ने आर्थिक चुनौतीको समेतको विश्लेषण गरेको छ ।

बैकिङ क्षेत्रले दिगो वित्तीय अभ्यास अपनाउनुपर्छ भन्ने सन्देश आमजनमानसमा प्रवाह फेवाताल किनारमा सामूहिक रूपमा पदयात्रा गर्दै कार्यक्रम आयोजना गरिएको बताइएको छ । साथै, कार्यक्रममा हरित बैकिङ र दिगो वित्तीय रणनीतिको आवश्यकतामाथि विशेष जोड दिइएको थियो ।

## ● माघमा बढ्यो मुद्रास्फीति

माघ महिनामा उपभोक्ता मुद्रास्फीति बढेको छ। गत वर्षको तुलनामा मुद्रास्फीति केही कम भए पनि पुसको तुलनामा वृद्धि भएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। पुसमा २.४२ प्रतिशत रहेको मुद्रास्फीति मघमा ३.२५ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको माघमा भने ४.१६ प्रतिशत थियो।

आर्थिक वर्ष ०८२/८३ को सात महिनाको औसत मुद्रास्फीति १.९२ प्रतिशत छ। अघिल्लो वर्षको सोही अवधिमा औसत मुद्रास्फीति ४.८६ प्रतिशत थियो।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ११.६३ प्रतिशत, घिउ तथा तेलको ७.६१ प्रतिशत, र फलफूलको ७.४१ प्रतिशतले बढेको छ। दाल तथा गेडागुडी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.१९ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको २.९७ प्रतिशत र मरमसलाको २.६१ प्रतिशतले घटेको छ।

## ● हायात होटेल बुटवलद्वारा महिला कर्मचारी नेतृत्वको प्रशंसा

अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा हायात प्लेस बुटवलले आफ्ना महिला कर्मचारीको अथक समर्पण तथा प्रेरणादायी भूमिकाको प्रशंसा गरेको छ । कम्पनीको निरन्तर वृद्धि, सफलता र उत्कृष्ट ग्राहक सन्तुष्टिमा महिला कर्मचारीले पुऱ्याएको महत्वपूर्ण योगदानको होटेल व्यवस्थापनले प्रशंसा गरेको हो । अतिथि सत्कारदेखि व्यवस्थापन तहको नेतृत्वसम्म उनीहरूको मिहिनेत र लगनशीलताले होटेलको सेवालाई विश्वस्तरीय बनाउन महत्वपूर्ण भूमिका खेलेको बताइएको छ । हाल होटेलमा ४७ जना अर्थात् ३० प्रतिशत महिला कर्मचारी छन् । हायात प्लेस बुटवलले सधैँ कार्यस्थलमा विविधता र समावेशिता रहेको होटेलले जनाएको छ । यसले महिला सशक्तीकरण र समान अवसरप्रति होटेलको प्रतिबद्धता स्पष्ट रूपमा देखाउने होटेलको भनाइ छ । मार्केटिङ म्यानेजर सिम्रन सापकोटाका अनुसार हायात प्लेस बुटवलले महिलालाई नेतृत्व गर्न र आफ्ना रचनात्मक विचार अघि बढाउन निरन्तर प्रोत्साहन दिने वातावरण प्रदान गरेको छ ।

## ● कामना सेवाले सार्वजनिक गऱ्यो ०८३ सालको क्यालेन्डर

कामना सेवा विकास बैंकले आगामी वर्ष ०८३ को वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ । बैंकले आधुनिक प्रविधिलाई मध्यनजर राख्दै उक्त क्यालेन्डरलाई डिजिटल माध्यमबाट उपलब्ध गराएको जनाएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिबाट स्वीकृतप्राप्त उक्त क्यालेन्डरमा समितिद्वारा निर्धारण गरिएका विभिन्न तिथि तथा शुभमुहूर्तहसमेत समावेश गरिएको छ । यसले सर्वसाधारणलाई धार्मिक तथा सांस्कृतिक कार्यका लागि उपयोगी जानकारी प्रदान गर्ने विश्वास बैंकले लिएको छ ।

उक्त डिजिटल क्यालेन्डर सहज रूपमा प्राप्त गर्नका लागि बैंकले क्युआर कोडसमेत सार्वजनिक गरेको छ । सो क्युआर कोड स्क्यान गरी बैंकका ग्राहक तथा सर्वसाधारणले ०८३ को क्यालेन्डर हेर्न तथा डाउनलोड गर्न सक्नेछन् । उक्त क्युआर कोड बैंकको सामाजिक सञ्जाल तथा वेबसाइटमार्फत सार्वजनिक गरिएको बैंकले जनाएको छ ।

## ● सूर्योदय वोमी लघुवित्तले मनायो १५औँ वार्षिकोत्सव

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले विविध कार्यक्रम गरी १५औँ वार्षिकोत्सव मनाएको छ । कम्पनीले २५ फागुनमा संस्थाको कर्पोरेट कर्यालय, ललितपुरमा मनाएको हो ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मोक्षप्रसाद पंगेनीको अध्यक्षतामा सम्पन्न, उक्त कार्यक्रममा संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत, प्रहरी प्रभाग इमाडोल, ललितपुरका प्रहरी प्रतिनिधि, संस्थाका कर्मचारीलगायतको उपस्थिति थियो । संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत प्रमेश आचार्यले स्वागत मन्तव्य राखेका थिए भने सिइओ पंगेनीले संस्थामा दीर्घसेवा गरेका कर्मचारीलाई सम्मान गरेका थिए ।

साथै, प्रहरी प्रभाग इमाडोल, ललितपुरलाई आवश्यक स्टेसनरी सामग्री हस्तान्तरण गरिएको थियो । उनले संस्थाले अति विपन्न वर्गलाई सेवा दिएर उनीहरूलाई आत्मनिर्भर बनाई देशको अर्थतन्त्रमा ठुलो भूमिका खेलेको जानकारी गराए । संस्थाले हाल सातै प्रदेशका ५५ जिल्लामा एक सय ६७ शाखा कार्यालयमार्फत ग्राहकलाई वित्तीय सेवा दिँदै आइरहेको छ ।

## ● तीन ब्रोकरलाई एक करोड जरिवाना

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले तीन ब्रोकर कम्पनीलाई एक करोड १० लाख रूपैयाँ जरिवाना गरेको छ । सेबोनले सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्थाको उल्लंघन गरेको भन्दै सिप्ला सेक्युरिटिज, श्री कृष्ण सेक्युरिटिज र हातेमालो फाइनान्सियललाई जरिवाना गरेको हो । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अनुसारको व्यवस्था उल्लंघन गरेको भन्दै सिप्ला सेक्युरिटिज लिमिटेडलाई ५० लाख, श्रीकृष्ण सेक्युरिटिज लिमिटेडलाई ३० लाख र हातेमालो फाइनान्सियल सर्भिसेज प्रालिलाई ३० लाख जरिवाना तोकेको सेबोनले जनाएको छ ।

## ● एनआरएनए अधिवेशन नसर्ने

गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२ औँ महाधिवेशन नसर्ने भएको छ । मध्यपूर्वमा जारी तनावकैबिच एनआरएनए अधिवेशन आगामी १४ देखि १६ मार्चसम्म काठमाडौँमा हुने भएको छ । कतिपय पदाधिकारी तथा आसन्न निर्वाचनका प्रतिस्पर्धीले महाधिवेशन सार्नुपर्ने आवाज उठाएका थिए । तर, आवश्यक तयारी भइसकेका कारण निर्वाचन नसर्ने भएको एनआरएनएका अधिकारीहरूले बताएका छन् ।

एनआरएनएका अध्यक्ष डा. बद्री केसीले अधिवेशन तोकिएकै मितिमा हुने बताए । 'अधिवेशनको तयारी अन्तिम अवस्थामा पुगेको छ, अब चुनाव सर्दैन, तोकिएकै मितिमा हुन्छ,' उनले भने, 'उद्घाटन, छलफल, बन्दसत्र तथा समापनसम्मका सबै कार्यक्रम तय भइसकेका छन् ।' सुरुमा २३ देखि २५ फेब्रुअरीसम्मका लागि तय भएको एनआरएनए महाधिवेशन एक महिना पर धकेलिएको थियो । एनआरएनएको बृहत् एकतापश्चात् गठित स्टेरिङ कमिटीको २ माघको बैठकले अधिवेशन १४ देखि १६ मार्चसम्म गर्ने निर्णय गरेको थियो । काठमाडौँस्थित सोल्टी होटेलमा गरिने तय भएको अधिवेशनका लागि निर्वाचन समितिले प्रारम्भिक मतदाता नामावली तथा निर्वाचन कार्यतालिकासमेत सार्वजनिक गरिसकेको छ । अहिले एनआरएनएहरु काठमाडौँमा आउन थालिसकेका छन् ।

यसैबिच परराष्ट्र मन्त्रालयको आयोजनामा एनआरएनए अधिवेशनका विषयमा मंगलबार उच्चस्तरीय बैठक गरिएको छ । काठमाडौँमा भएको बैठकमा परराष्ट्रमन्त्री बलानन्द शर्मा, एनआरएनएका अध्यक्षद्वय डा. बद्री केसी र महेशकुमार श्रेष्ठलगायत व्यक्ति तथा सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो । बैठकमा आगामी १२औँ महाधिवेशन तथा एनआरएनए ग्लोबल सम्मेलनको तयारी, आवश्यक समन्वय तथा बाँकी प्रक्रिया टुंग्याउने विषयमा छलफल भएको एनआरएनए सचिवालयले जनाएको छ । सम्मेलनमा विश्वभरबाट करिब चार हजार प्रतिनिधि (डेलिगेट) सहभागी हुने अपेक्षा गरिएको छ ।

बैठकमा परराष्ट्रमन्त्री शर्माले आगामी १२ औँ एनआरएनए महाधिवेशन तथा विश्व सम्मेलनले एनआरएनएमा देखिएका समस्या तथा चुनौतीको समाधान गर्ने विश्वास व्यक्त गरे । परराष्ट्र सचिव अमृतबहादुर राईले एनआरएनलाई साझेदार संस्थाका रूपमा लिने दृष्टिकोण अपनाइने बताउँदै आसन्न सम्मेलन सफल बनाउन पूर्ण सहयोग गरिने बताए।

## ● डेढ दशकपछि पुनर्वास महोत्सव सुरु

कञ्चनपुरको दक्षिणी क्षेत्रमा पुनर्वास महोत्सव सुरू भएको छ। डेढ दशकपछि ६५ बिघा क्षेत्रमा फैलिएको आइबिआरडीमा सोमबारदेखि दोस्रो पुनर्वास महोत्सव सुरू भएको हो। पुनर्वास उद्योग वाणिज्य संघको आयोजनामा 'हाम्रो पुनर्वास राम्रो पुनर्वास' मूल नारासहित सुरू भएको महोत्सवको सुदूरपश्चिम प्रदेश सरकारका भूमि, व्यवस्था कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा(पातल)ले उद्घाटन गरेका हुन्।

महोत्सव उद्घाटन गर्दै मन्त्री थापाले महोत्सवबाट यस क्षेत्रको विकासमा टेवा पुग्ने बताए। पुनर्वास नगरका मेयर तोयप्रसाद शर्माले महोत्सवबाट स्थानीय किसानले उत्पादन गरेका कृषि उपज खपत गर्नुपर्नेमा जोड दिए। पुनर्वास उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार रायमाझीले स्थानीय क्षेत्रको विकासका लागि महोत्सव आयोजना गरिएको बताए। पुनर्वास नगरपालिका ओम श्री डेन्टल धनगढी, भागेश्वर चिनी उद्योगसहितका सरकारी, निजी क्षेत्रले महोत्सवलाई प्रवर्द्धन गरेका उनले जानकारी दिए।

महोत्सवमा ११५ स्टलमा विभिन्न व्यावसायिकदेखि घरेलु उद्यमका उत्पादन राखिएका छन्। महोत्सवमा पश्चिम नेपालका थारु समुदायसम्बन्धी स्टल तथा स्थानीय मौलिक परिकारदेखि कृषि उत्पादन प्रदर्शन गरिएको छ। महोत्सवमा बाल उद्यानसहित स्थानीय तथा राष्ट्रिय कलाकारबाट विविध सांस्कृतिक प्रस्तुति हुनेछन्। पुनर्वास उद्योग वाणिज्य संघका महासचिव दाउत तामाङले महोत्सव झन्डै डेढ लाख मानिसले अवलोकन गर्ने आकलन गरिएको बताए। महोत्सव ५ चैत्रसम्म सञ्चालन हुनेछ।

## ● आगामी बजेटको करसम्बन्धी व्यवस्थाका लागि सुझाव माग

आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा करसम्बन्धी व्यवस्थाका कर कार्यालयहरूले सरोकारवाला र आमजनतासँग सुझाव मागेका छन् । आन्तरिक राजस्व विभाग र भन्सार विभागले सूचना जारी गर्दै करसम्बन्धी सुझाव मागेका हुन् ।

दुवै विभागले चैत पहिलो साताभित्र सुझाव दिन आह्वान गरेका छन् । अर्थमन्त्री रामेश्वरप्रसाद खनालको २८ माघको निर्णयअनुसार अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणका सम्बन्धमा सरकारलाई राय-सुझाव दिन १५ फागुनमा राजस्व परामर्श समिति गठन गरेको थियो ।

अर्थ मन्त्रालयका राजस्वसचिव भूपाल बरालको संयोजकत्वमा गठन भएको समितिले आफ्नो काम सुरु गरिसकेको छ । राजस्व परामर्श समिति २०८२ अन्तर्गत विभिन्न विषयगत नौवटा उपसमिति गठन गरिएको छ । जसमध्ये आन्तरिक राजस्व उपसमिति र भन्सार उपसमितिले आगामी बजेटका लागि करसम्बन्धी सुझाव मागेका हुन् । आन्तरिक राजस्व उपसमितिले आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्स कर तथा अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधार, कर दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली र राजस्व प्रशासन सुधारका विषयमा काम गर्नेछ ।

## ● वर्षमै थपिए फोर-जीका पौने १३ लाख ग्राहक

नेपालमा चौथो पुस्ताको मोबाइल सेवा (फोर-जी) प्रयोगकर्ता उच्च दरमा बढिरहेका छन् । पछिल्लो एक वर्षमै फोर-जीका पौने १३ लाख ग्राहक थपिएको दूरसञ्चार प्राधिकरणको तथ्यांक छ । योसँगै सिमकार्ड बिक्रीका आधारमा फोर-जीका ग्राहक (प्रयोगकर्ता) दुई करोड ६३ लाख ५६ हजार दुई सय ९५ जना पुगेका छन् ।

फोर-जी सरू भएको नौ वर्षमा यसका प्रयोगकर्ता साढे दुई करोड नाघेका हुन् । नेपालमा १७ पुस ०७३ देखि फोर-जी सेवा सुरू भएको हो । त्यसयता सेवाप्रदायक एनसेल र नेपाल टेलिकमले फोर-जीको नेटवर्क विस्तार र ग्राहक वृद्धिलाई तीव्रता दिए । पछिल्लो एक वर्षमै फोर-जीका ग्राहक १२ लाख ८० हजारले बढेको प्राधिकरणको तथ्यांक छ । सिम-सेवा बिक्रीका आधारमा गत वर्षको पुससम्ममा फोर-जी प्रयोगकर्ता दुई करोड ५० लाख ७५ हजार चार सय १९ जना थिए ।

यस अवधिमा नेपाल टेलिकमका सबैभन्दा धेरै १३ लाख सात हजार पाँच सय ६ जना फोर-जी ग्राहक थपिएका छन् । प्राधिकरणको गत पुस मसान्तसम्मको प्रतिवेदनअनुसार फोर-जी सेवा खरिद गर्ने नेपाल टेलिकमका ग्राहक संख्या एक करोड ४४ लाख ६५ हजार तीन सय तीन पुगेका छन् । अघिल्लो वर्षको पुस मसान्तसम्मा टेलिकमका फोर-जी ग्राहक एक करोड ३१ लाख ५७ हजार आठ सय ३७ जना थिए । यस अवधिमा एनसेलका फोर-जी ग्राहक भने २६ हजार ६ सय ३० जनाले घटेको प्राधिकरणको तथ्यांकले देखाउँछ । अघिल्लो वर्षको पुससम्मा एनसेलका फोर-जी ग्राहक एक करोड १९ लाख १७ हजार पाँच सय ८२ जना थिए । यो वर्षको पुस मसान्तमा आइपुग्दा एनसेलका फोर-जी ग्राहक संख्या घटेर एक करोड १८ लाख ९० हजार नौ सय ५२ जना पुगेका हुन् ।

चौथो पुस्ताको मोबाइल सेवा (फोर-जी/एलटिई) तीव्र गतिको वायरलेस प्रविधि हो । यस प्रविधिमा आधारित भएर एलटिई, वाइम्याक्सलगायत सेवा सञ्चालन गर्न सकिन्छ । खासगरी फोर-जीको प्रयोगबाट प्रत्यक्ष भिडियो कल गर्न, द्रुत गतिमा इन्टरनेट चलाउन, ठुला-ठुला फाइलहरु डाउनलोड तथा अपलोड गर्न सहज बनाउँछ । विश्वबजारमा फोर-जी सन् २००९ देखि नै सुरु भएको हो ।

## ● ग्यालेक्सी ए-२६ सिरिज सार्वजनिक

टेक्नोलोजी कम्पनी सामसङले स्मार्ट फोन सिरिज ग्यालेक्सी एस-२६ नेपाली बजारमा सार्वजनिक गरेको छ । एआई प्रविधिमा आधारित एस-२६ सिरिज अहिलेसम्मकै सबैभन्दा सहज, स्मार्ट र अनुकूल प्रविधिसमेत तयार गरिएको कम्पनीको भनाइ छ । यो सिरिज दैनिक फोनमा गर्ने विभिन्न कामलाई सजिलो बनाउन डिजाइन गरिएको कम्पनीले जनाएको छ । तालिका व्यवस्थापनदेखि कन्टेन्ट बनाउनसम्म प्रयोगकर्तालाई प्राविधिक जटिलताको सट्टा परिणाममा ध्यानकेन्द्रित गर्न सुनिश्चित गर्नेछ । एस-२६ अल्ट्रा, ग्यालेक्सी एस-२६ प्लस र ग्यालेक्सी एस-२६ मोडेल नेपालमा सोबारदेखि १८ मार्च २०२६ सम्म अग्रिम अर्डर खुला गरिएको बताइएको छ ।

कम्पनीका अनुसार ग्यालेक्सी एस-२६ अल्ट्रामा उद्योगमै पहिलोपटक इन-बिल्ट गोपनीयता प्रदर्शन सुविधा समावेश गरिएको छ । जसले स्क्रिनमा देखिने सामग्रीको गोपनीयता सुरक्षित राख्न मद्दत गर्छ । यसका साथै सुधारिएको चिपसेट र ताप व्यवस्थापन प्रणालीले पातलो डिजाइनमै छिटो र शक्तिशाली प्रदर्शन दिने बताइएको छ । ग्यालेक्सी एस-२६ सिरिज कोबाल्ट भायोलेट र कालो रङमा उपलब्ध हुनेछ ।

ग्यालेक्सी एस-२६ अल्ट्रा (१६/१ टेराबाइट)को मूल्य दुई लाख ९३ हजार नौ सय ९९, १२/५१२ जिबीको दुई लाख ४२ हजार नौ सय ९९ र १२/२५६ को मूल्य दुई लाख १२ हजार नौ सय ९९ तोकिएको छ । यसैगरी, ग्यालेक्सी एस-२६ प्लस १२/२५६ को एक लाख ८२ हजार नौ सय ९९ तथा ग्यालेक्सी एस-२६ १२/२५६ को मूल्य एक लाख ३३ हजार नौ सय ९९ निर्धारण गरिएको कम्पनीले जनाएको छ । प्रि-बुकिङ गर्ने ग्राहकले मोडेलअनुसार पाँच हजारदेखि १५ हजार रूपैयाँसम्मको स्टोरेज अपग्रेड अफर प्राप्त गर्न सक्नेछन् ।

## ● ६ महिनामा १५ सय ट्रेडमार्क दर्ता

चालू आर्थिक वर्षको ६ महिनामा एक हजार पाँच सय २० वटा ट्रेडमार्क दर्ता भएका छन् । उद्योग मन्त्रालयले सार्वजनिक गरेको 'उद्यमशीलता बुलेटिन'का अनुसार उद्योग विभागमा ती ट्रेडमार्क दर्ता भएका हुन् ।

बुलेटिनका अनुसार दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा दर्ता भएका ट्रेडमार्कको संख्या एक हजार ८८ रहेको छ । पहिलो त्रैमासमा चार सय ३२ वटा ट्रेडमार्क दर्ता भएका थिए । यस अवधिमा पेटेन्ट भने दर्ता भएको देखिँदैन । दोस्रो त्रैमास अवधिमा ७० वटा ट्रेडमार्कसम्बन्धी मुद्दाको कारबाही टुंगो-किनारा लगाइएको छ । ६ महिनामा आइपुग्दा एक सय १३ पुगेको छ ।

विभागले भारततर्फको निर्यातका लागि दिने सर्टिफिकेट अफ ओरिजिन सिफारिस संख्या ३७ पुगेको छ । दोस्रो त्रैमास अवधिमा मात्रै यस्तो सिफारिस १८ वटा दिइएको छ । त्यस्तै, उद्योग विभागबाट ६ महिनामा ३८ उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरिएको छ । दोस्रो त्रैमासमा मात्रै १४ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण गरिएको बुलेटिनमा उल्लेख छ ।

## भाद्र २३ को...

कार्यालयबाट राय लिएर मुद्दा चल्ने नचल्ने निर्णय गर्न सक्छ । वरिष्ठ अधिवक्ता खरेलले भने जेनजी आन्दोलन सम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने बताउँदै हरेक आन्दोलन र घटनाका विशेष भएर आयोग बनाइन्छ तर आयोगले दिएका प्रतिवेदनहरु सार्वजनिक नहुने भएकाले ती बुझाइएका प्रतिवेदनहरु लिगल डकुमेन्टका रूपमा रहँदैनन् । त्यसैले त्यस्ता प्रतिवेदनहरु तत्‌तत् निकायमा पठाएर अनुसन्धान गरी फौजदारी कसुर आकर्षित हुने देखिएमा प्रहरीबाट अनुसन्धान गर्ने, महान्यायाधिवक्ता कार्यालयबाट राय लिने र त्यसपछिमात्र प्रमाणले जे देखाउँछ त्यही अनुसार निर्णय लिनुपर्ने हुन्छ । कसैमाथि कसैको रिसराग छ भन्दैमा कसैले चाहेर मात्र मुद्दा चलाउने वा उन्मुक्ति भने दिन मिल्दैन ।

तत्कालिन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकले कार्की आयोगलाई दिएको बयानमा समेत उनीहरूले भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा गोली चलाउने आदेश आफूहरूले नदिएको बताइसकेको र आयोगमा बयान दिएका कसैले पनि तत्कालिन प्रधानमन्त्री, गृहमन्त्री र तत्कालिन प्रहरी महानिरीक्षक खापुङले समेत त्यस्तो आदेश नदिएको बताएका हुनाले उनीहरूमाथि फौजदारी कसुरमा कारबाही हुन सक्ने सम्भावना नभएपनि उनीहरूमाथि राजनीतिक प्रतिशोध लिने प्रयास गरिनु किमार्थ उचित हुन सक्दैन ।

भाद्र २३ गतेको विरोध प्रदर्शनमा जिम्मेवारमा रहेका अधिकारीहरूले कानुन अनुसार जिम्मेवारीमा रहेका बेला गरिएको कामको मूल्यांकन कानुन अनुसार ने हुनुपर्दछ । भाद्र २३ गते बानेश्वरमा भएको प्रदर्शन गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट अनुमति लिएको थियो तर सुरक्षा निकायबाट व्यवस्थापनमा भएको लापरबाहीले बानेश्वरमा पुगेको भिड भड्किएको र संसद भवन पुगेपछि भित्र र बाहिरबाट घातक बल प्रयोग भएको छ । संसद भवनको सुरक्षामा खटिएका सुरक्षाकर्मी र सडकमा भित्र व्यवस्थापनमा तैनाथ प्रहरीबाट गोली प्रहार भएको थियो ।

सो घटना अनियन्त्रित भएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट कर्फ्यु आदेश जारी गरेको थियो । तत्कालिन काठमाडौं जिल्ला प्रशासनका सिडियोले आयोगमा बयान दिँदा आफूले गोली चलाउने आदेश नदिएको बयान दिएका थिए । शान्ति सुरक्षा कायमै गराउन स्थानीय प्रशासन ऐन २०२८ अनुसार कर्फ्यु लगाउने जिम्मेवारी र अधिकार प्रजिअको भएकाले आफूले त्यही अधिकार प्रयोग गरेको बयानमा बताएका छन् ।

कर्फ्यु लागेपछि गोली चलाउने आदेश नै दिनु नपर्ने र आफूले नदिएको बताएका छन् । कार्की आयोगले सो घटनाका बेला गृहमन्त्री रहेका रमेश लेखक र गृहसचिव गोकर्णमणि दुवाडीसँग पनि बयान लिएकोमा दुवै जनाले घटनामा आफूहरु संलग्न नै नरहेको बयान दिएका छन् ।

उनीहरूले शान्ति सुरक्षा कायम गर्न प्रहरीलाई निर्देशन दिने बाहेक फौजको संख्या र बल प्रयोग गर्ने बारे तोकेर निर्देशन दिने कानुनी अधिकार र अभ्यास नभएको जिकिर समेत गरेका छन् । भाद्र २३ मा प्रदर्शन हुने भएपछि भाद्र २२ गते साँझ तत्कालिन प्रधानमन्त्री केपी ओलीले बालुवाटारमै सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गरेका थिए ।

त्यसबेला सुरक्षा निकायका प्रमुखहरूले सुरक्षाको सम्पूर्ण व्यवस्था मिलाइएको जानकारी प्रधानमन्त्री ओलीलाई गराएका थिए यसरी सम्पूर्ण सुरक्षा निकायका प्रमुखहरूले सुरक्षाको व्यवस्था गरिएको बताएपछि तत्कालिन प्रधानमन्त्री ओलीले उनीहरूको विश्वास गरेर सुरक्षा व्यवस्थामा चुक्न नहुने बताएको बयानमा उल्लेख गरिएको छ ।

आवश्यक बस्तु संरक्षण ऐन २०१२ अनुसार निर्णय लिएको तत्कालिन प्रहरी महानिरीक्षक खापुङले आयोगमा बयान दिएका छन् । यो ऐनको दफा २ मा टेलिग्राम, टेलिफोन, राजमार्ग, मुलबाटो, पुल, विद्युत उत्पादन, विजुली, गृह मौसम तथ जलस्रोत सम्बन्धी स्टेशन, पेट्रोल कुनै आवश्यक बस्तुमा अरूलाई लगाई वा आफैँले हात हाल्न, भिक्न, चुडाल्न र कुनै किसिमले बिगार्न, चोरी गर्न लगाउनु हुँदैन भन्ने उल्लेख गरिएको छ । यसो गरेमा बिगो बमोजिम कैद जरिवाना तथा दुवै सजाय हुनेछ भनिएको छ ।

यस्तो कसुर गर्नेमाथि कारबाही गरेवापत् मानिस मर्न गएमा आवश्यक बस्तु सुरक्षामा खटिएका सरकारी कर्मचारीलाई बात कसुर नलाग्ने उल्लेख छ ।

संसद भवनबाट भएको बल प्रयोगबाट सम्बन्धीत अधिकारीहरूले आफ्नो प्रतिरक्षामा यहि ऐन अगाडि सारेका हुनाले सो घटनामा तत्कालिन प्रधानमन्त्री सहित गृहमन्त्री र कुनैपनि कर्मचारीलाई फौजदारी कसुरमा कारबाही गर्न मिल्दैन । यदि गरिएन उनीहरूमाथि प्रतिशोध लिएको ठहरिन सक्छ ।

## रास्वपाको...

दलले बहुमत ल्याउन नसक्ने र राजनीतिक स्थिरता नदिने भन्दै संविधान ससंशोधनको मुद्दा उठिरहेका बेला रास्वपाले बहुमत ल्याएको छ ।

प्रत्यक्षतर्फ र समानुपातिकतर्फ समेत उसले पुराना भनिएका दलहरूलाई खुम्चाईदिएको छ । पुराना भनिएका दलहरूप्रति गत भाद्र २३ र २४ गते भएको विध्वसात्मक घटनाले गर्दा जनतामा नैराश्यकता छाएको र रास्वपा सहित बालेन साहले समेत उक्त घटनामा तत्कालीन केपी ओली सरकारको जिम्मेवार रहेको भन्दै त्यसलाई नै निर्वाचन जित्ने आधार बनाएका थिए । सो घटना कसका कारण भयो र कसले गर्‍यो भन्ने सत्य तथ्य जानकारी जनतामा नपुगेको हुनाले नै त्यसको फाइदा रास्वपाले उठाएको सत्य वास्तविकता हो ।

पुराना भनिएका दलहरूले समेत जनताको भावना बुझ्न नसकेका र केवल सत्तामै रमाउन थालेका हुनाले जनतामा एक प्रकारणको वितृष्णा फैलिँदै गएको थियो । ठुला ठुला भ्रष्टाचारा काण्डहरूमा समेत संलग्न भएका व्यक्तिहरु कानुनी कारबाहीमा नआएका र उनीहरूले आफूहरूमाथि कानुनी कारबाही हुन सक्ने भन्दै तत्कालिन ओली सरकारमाथि विभिन्न आरोप लगाउँदै आएका थिए । त्यही कारणले गर्दा जेनजीहरूलाई उचालेर भाद्र २३ गतेको घटना गराइयो । त्यही घटनापछि ओली सरकार ढल्यो र संविधान विपरित सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरियो । कार्की सरकारले निर्वाचन सम्पन्न गर्‍यो । अब रास्वपाले नै सरकार बनाउने निश्चित जस्तै रहेकाले अब बल्ल रास्वपाको असली परीक्षा सुरु भएको छ ।

हेर्न बाँकी छ उसले निर्वाचनका बेला जनतालाई दिएका आश्वासनका पोकाहरु कसरी कार्यान्वयन गर्दछ भनेर ।

## रवि-बालेनको...

रास्वपाले आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेका र जनतासामु करार गरेका विषयहरु अब बालेन साह सरकारले पुरा गर्नुपर्ने बाध्यता साह सरकारलाई रहेको छ । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर भाद्र २४ गते सिंहदरबार सहित सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय प्रधानमन्त्रीको सरकारी निवास लगायत अन्य धेरै सरकारी भवन र शिर्ष नेताहरूको निजी निवासमा आगजनी गर्नेहरु प्रायः सबै रास्वपाबाटै सांसद बनेकाहरूलाई रास्वपाले सरकारमा ल्याउन उपर्युक्त हुन सक्दैन ।

रास्वपाले जनतासामु समय नै तोकेर यति दिनभित्रमा यति काम गरिसक्ने उद्घोष गरेको हुनाले त्यस्ता कार्यहरु तत्काल गर्नुपर्ने आवश्यकता देखिन्छ । पुराना दलहरूले गर्न सकेनन् भनेर कराउने र जनतालाई पुराना दलका विरूद्ध सडकमा उतार्नेहरु नै सरकारमा पुग्ने भएकाले उनीहरूले निर्वाचनका बेला जनतासामु गरेका बाचाहरु पुरा गर्न नसकेको खण्डमा त्यसको प्रत्यक्ष असर रास्वपालाई पर्ने निश्चित जस्तै रहेको छ ।

## गलत कदम...

पश्चिमबाट निर्वाचन जितेका छन् । पूर्व प्रधानमन्त्रीहरु मध्येका केपी ओली, माधव नेपाल दुवै निर्वाचनमा पराजित भएका छन् भने अब संसदमा पूर्व प्रधानमन्त्री दाहालमात्र उपस्थित हुने भएका छन् । रवि र बालेन साहको व्यक्तिगत खोट जे भएपनि उनीहरूले निर्वाचनका बेला जनतालाई दिएका आश्वासन पूरा गर्नुपर्ने आवश्यकता रहेको छ । रवि सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलगन रहेको मुद्दाहरु अदालतमा विचाराधिन अवस्थामा रहेकाले अब उनीहरूले सहकारी ठगीमा पिडित भएका जनतालाई न्याय दिनुपर्ने अवस्था आएको छ । यो मामिलालाई उनीहरूले कसरी समाधान गर्दछन् यो उनीहरूको पहिलो परीक्षा हुनेछ । भविष्यका लागि यसबारे यिनीहरूको गलत कदम निकै प्रतिउत्पादक बन्न सक्ने पक्कापक्की रहेको छ ।

रास्वपामा संलग्न रहेर निर्वाचनमा जित हाँसिल गरेका धेरै व्यक्तिहरूको छवि शंस्कापद रहेको र भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न रहेकाहरूलाई रास्वपाको सरकारले के कारबाही गर्ला कि ? प्रतिशोध लिएर अन्य दलका नेता तथा कार्यकर्ताहरूमाथि मात्र कानुनी कारबाही गर्ला त्यो त अबको केही दिनपछि नै प्रष्ट हुनेछ ।

रास्वपाले पाएको अहिलेको सफलतालाई जोगाई राख्न रास्वपा नेतृत्वको सरकार र रास्वपा पार्टीलाई नै चुनौतीपूर्ण रहेको छ । रविमाथि लागेका आरोपहरु र मुद्दाहरूमाथि तत्काल पुन छानविन गरिनु उपर्युक्त हुनेछ । रास्वपाले सरकारको नेतृत्व गरेको भन्दै उनलाई उन्मुक्ति दिने निर्णय गरियो भने त्यो रास्वपाकै लागि मात्र नभएर बालेन साहको लागि पनि घातक सावित हुन सक्छ ।

## मधेशवादी..

यादव राष्ट्रिय राजनीतिमा स्थापित भएको यादव २०६४ र २०७०को पहिलो तथा दोस्रो संविधानसभा निर्वाचन तथा २०७४ प्रतिनिधिसभा निर्वाचनमा लगातार विजयी भएका थिए । २०७९ को निर्वाचनमा सिके राउतसँग पराजित भएपछि वारा २ को उपचुनावमा जितेर संसदमा प्रवेश गरेका थिए ।

यादव नेतृत्वको मधेशी जनअधिकार फोरमले २०६४ को संविधान सभाको प्रत्यक्षतर्फका २ सय ४० सिटमध्ये समानुपातिकमा २२ र प्रत्यक्षतर्फ ३० सिट गरी ५२ सिट जितेका थिए । मन्त्रिपरिषद् बाट मनोनित २ गरी पहिलो संविधानसभामा ५४ सिट थियो । त्यसको १८ वर्षपछि भएको निर्वाचनमा यादवले नेतृत्व गरेको जसपा नेपालका सिट शुन्यमा पुगेको छ । मधेशवादी दलहरु टुट्दै र एकीकरण हुँदै आएका भएपनि यस पटकको निर्वाचनमा मधेशवादी दलहरूले १ सिटसम्म जित्न नसकेको हुनाले मधेशवादी दलहरूको भविष्य नै संकटमा परेको छ । त्यसको एउटै कारण हो टुटफुट र सत्ताको मोह ।

जसपा नेता शरतसिंह भण्डारी पञ्चायतकालमा समेत मन्त्री हुँदै आएका नेता थिए तर यस पटक उनीसमेत महोत्तरी २ बाट उम्मेदवार बनेका भएपनि रास्वपाका दीपकुमार साहसँग २२ हजार भन्दा बढी मतले पराजित भएका छन् । मधेशका जम्मा ३२ सिटमध्ये एउटा सिटमा पनि जसपा लगायतका जनमत सहितका अन्य कुनैपनि दलले १ सिटसम्म जित्न नसकेको हुनाले उनीहरूले समानुपातिक तर्फबाट पनि मत पाउन सक्ने सम्भावना नभएकाले गर्दा मधेशवादी दलहरु संकटमा परेका छन् । त्यसमा पनि उपेन्द्र यादव ?

## पुराना राजनीतिक...

मतदाताले कांग्रेसले पत्याएनन् । त्यही कारणले गर्दा थापाले सभापतिबाट राजिनामा दिने मनस्थिति देखाएका छन् भने थापा सभापति रहेको कार्यसमितिका पदाधिकारीहरु प्राय सबै पराजित भएका छन् । उपसभापति रहेको विश्वप्रकाश शर्मा र उपसभापति रहेकी पुष्पा भुसाल भने निर्वाचनमा लडेका थिएनन् । कांग्रेसका महामन्त्रीद्वय प्रदीप पौडेल र गुरूराज घिमिरे सहित नेता शेखर कोइराला, एनपी साउद, मिनेन्द्र रिजाल सहमन्त्रीद्वय फरमुल्लाह मन्सुर प्रकाश स्नेही लगायतका सबै नेताहरु पराजित भए ।

यस पटकको निर्वाचनमा नेकपा एमालेले समेत नराम्रो भड्का व्यहोर्नु परेको छ । पार्टी अध्यक्ष केपी ओली सहित प्रायः सबै पदाधिकारीहरु पराजित हुन पुगेका छन् । २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ ४४ सिट हासिल गरेको एमालेले यस पटक जम्मा ९ सिटमा मात्र जित हाँसिल गरेको छ भने समानुपातिकतर्फ पनि २०७९ को निर्वाचनमा सबै भन्दा बढी २८ लाख भन्दा बढी मत पाएको एमालेले यस पटक करिब १४ लाखमात्र पाएर यस पटकको निर्वाचनमा तेस्रो ठुलो दल बनेको छ ।

पुष्पकमल दाहाल बाहेकका पुराना दलका सबै पार्टी सभापति र अध्यक्षहरु पराजित भएका छन् भने रास्वपाले एक्लै सरकार बनाउने र झण्डै दुई तिहाई मत पाएकाले गर्दा अब पुराना दलहरु नसच्चिएको खण्डमा उनीहरूको भविष्य माथि नै प्रश्न उठेको छ । तत्कालिन माओवादी (पुष्पकमल दाहाल) केन्द्रले २०६४को निर्वाचनमा प्रत्यक्षतर्फ २४० सिट मध्ये १ सय २० सिट ल्याएको थियो तर त्यसपछि यसको हालत खस्किदै गएको र अहिले २० वटा दलहरु मिलेर गठन गरिएको नेपाली कम्युनिष्ट पार्टीले प्रत्यक्षमा ८ र समानुपातिकका ८ लाख मत ल्याएको छ । त्यसरी रास्वपाले पुराना दलहरूलाई सडकमै पुऱ्याईदिएको छ भने मधेशवादी दलहरु त समाप्त नै भएका छन् ।

## कार्की आयोगको...

गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै उक्त विध्वसात्मक कार्य गरेका थिए । यसरी एके दिन उस्तै उस्तै समयमा विध्वसात्मक कार्य मुलुकभरमा नै हुनु षड्यन्त्रबाहेक अन्य केही हुन सक्दैन । आयोगले त्यस विषयमा प्रवेश नै नगरी एकलौटी रूपमा भाद्र २३ गतेको घटनाको मात्र जाँचबुझ गरेर प्रतिवेदन बनाउनुले प्रष्ट हुन्छ आयोग अध्यक्ष बन्नु भन्दा पहिला नै आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले फेसबुकमार्फत स्टाटसमा केपी ओलीमाथि लगाएको आरोपलाई प्रमाणित गर्न आयोग लागि परेको जस्तो देखिन्छ ।

आयोगले तत्कालिन प्रधानमन्त्री र गृहमन्त्रीलाई अनुसन्धान गरी फौजदारी कसुरमा अनुसन्धान गर्न सिफारिस गर्नु तर सिंहदरबार सहितका सरकारी भवन ध्वस्त पार्ने र ध्वस्त पार्ने निर्देशन दिने अनि सिंहदरबारमा आगो लगाइदिन्छु भन्ने स्टाटस लेख्ने व्यक्तिलाई अनुसन्धान र कारबाही गर्न किन सिफारिस गरनने त ? प्रवितेदन पहिला नै तयार भएपनि निर्वाचनको परिणाम आएपछि र त्यसमा पनि रास्वपाको नेतृत्वको सरकार बन्ने निश्चित जस्तै भएपछि प्रतिवेदन बुझाउनुले आयोगको नियत र अध्यक्ष कार्कीको नियतमाथि नै प्रश्न उठेको छ ।

## समानुपातिकमा...

४७८ प्रतिशत हो । त्यस्तै, नेपाली कांग्रेसले १७ लाख ५८ हजार ९०३ मत पाएको छ । कांग्रेसले सदर मतको १६.२ प्रतिशत हो ।नेकपा (एमाले)ले १४ लाख ५५ हजार ६६९ मत पाएको छ । यो १३.४ प्रतिशत हो ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ८ लाख ११ हजार ३९३ अर्थात ७.५ प्रतिशत मत पाएको छ । पाँचौ नम्बरमा रहेको श्रम संस्कृति पार्टीले ३ लाख ८५ हजार ८५२ अर्थात ३.६ प्रतिशत र छैटौं नम्बरमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ३ लाख ३० हजार ६४९ अर्थात ३.१ प्रतिशत मत पाएको छ ।अन्य दलले 'थ्रेसहोल्ड' अर्थात ३ प्रतिशत मत पाउन सकेनन् । समानुपातिकमा सिट पाउनका लागि सदर मतको ३ प्रतिशत मत आउनुपर्छ ।

समानुपातिकको मतगणना सकिएसँगै निर्वाचन आयोगले सिट बाँडफाँडमा लागेको छ । अब आयोगले दलहरूले पाउने सिटका आधारमा सांसदको नाम सिफारिस गर्न पत्राचार गर्नेछ । त्यसपछि आयोगले समानुपातिक सूचीबाट दलहरूका सांसद निर्वाचित भएको घोषणा गर्नेछ ।

**अन्य दलले पाएको मत:**

- जनता समाजवादी पार्टी, नेपाल : १,८१,८५०
- राष्ट्रिय परिवर्तन पार्टी : १,७२,४९०
- जनमत पार्टी : ७९,४०३
- राष्ट्रिय मुक्ति पार्टी नेपाल/जनता समाजवादी पार्टी/नागरिक उन्मुक्ति पार्टी, नेपाल : ६२,०६९
- नेपाल मजदुर किसान पार्टी : ४२,२९४
- राष्ट्र निर्माण दल नेपाल : ३९,५५७
- राष्ट्रिय जनमोर्चा : २९,४५३
- नेपाल संघीय समाजवादी पार्टी/बहुजन एकता पार्टी नेपाल/नेपाल जनजागृति पार्टी : २९,३९६
- नेपाल जनता संरक्षण पार्टी : २८,४०८
- प्रगतिशील लोकतान्त्रिक पार्टी : २४,६७३
- नेपाल कम्युनिस्ट पार्टी (माओवादी) : २३,८५८
- मंगोल नेशनल अर्गनाइजेशन : २०,८२९
- आम जनता पार्टी/जनादेश पार्टी नेपाल : १९,२०९
- सार्वभौम नागरिक पार्टी: १४,८८१
- राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल : १०,७२२
- संयुक्त नागरिक पार्टी : ९,१४२
- स्वाभिमान पार्टी : ८,१५६
- राष्ट्रिय जनमुक्ति पार्टी : ७,२१०
- नेपाल जनता पार्टी : ७,१६३
- राष्ट्रिय एकता दल : ७,०७१
- नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) : ६,१७०
- राष्ट्रिय गौरव पार्टी : ५,२४८
- नेशनल रिपब्लिक नेपाल : ५,१६१
- नेपालका लागि नेपाली पार्टी : ५,०१८
- गतिशील लोकतान्त्रिक पार्टी : ४,९९३
- नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल) : ४,८३२
- संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च : ४,६८०
- नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) : ४,५१४
- राष्ट्रिय उर्जाशील पार्टी, नेपाल : ४,३१९
- समावेशी समाजवादी पार्टी नेपाल : ४,२७९
- नेपाल लोकतान्त्रिक पार्टी : ४,११९
- नेपाल मातृभूमि पार्टी : ३,२२८
- जय मातृभूमि पार्टी : २,९८०
- राष्ट्रिय जनता पार्टी नेपाल : २,९३३
- बहुजन शक्ति पार्टी : २,७७२
- प्रजातान्त्रिक पार्टी नेपाल : २,२४५
- नेपाल जनमुक्ति पार्टी : २,१७२
- जन अधिकार पार्टी : २,११६
- नेपाल सद्भावना पार्टी : २,०१८
- पिपुल फर्स्ट पार्टी : १,८००
- नेपाली काँग्रेस (वीपी) : १,७८७
- नागरिक शक्ति, नेपाल : १,७३२
- नेपाली जनश्रमदान संस्कृति पार्टी : १,६३८
- नेपाली जनता दल : १,४५४
- समावेशी समाजवादी पार्टी : १,३९७
- जनता लोकतान्त्रिक पार्टी, नेपाल : १,३०३
- सचेत नेपाली पार्टी/नागरिक सर्वोच्चता पार्टी नेपाल : १,१२९
- जनप्रिय लोकतान्त्रिक पार्टी : ९५४
- मितेरी पार्टी नेपाल : ७७२
- उन्नत लोकतन्त्र पार्टी : ७२८
- त्रिमुल नेपाल :६९४


### तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं ।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
- पर्याप्त निन्द्रा र आराम गरौं ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं ।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
- काम र विश्रामवीचको सन्तुलन राख्ने गरौं ।

**तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार